# समुदायमा आधारित
# पर्यटन नीति, २०८३

टेम्केमैयुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अन्नपुर्ण,भोजपुर

# विषयसूची

परिच्छेद-१ः परिचय ........ १
**१.१ पृष्ठभुमी** ........ **१**
१.१.१ **विगतका प्रयासहरु** ........ **२**
१.१.२ **वर्तमान अवस्था** ........ **२**
**१.२ समस्या तथा चुनौती र नीतिको आवश्यकता** ........ ३
१.२.१ समस्या ........ ३
१.२.२ चुनौती ........ ३
१.२.३ नीति तर्जुमाको अपेक्षा ........ ३
**परिच्छेद-२ :** नीति संरचना ........ ३
**२.१ दीर्घकालीन दृष्टिकोण (Vision)** ........ ४
**२.२ ध्येय (Mission)** ........ ४
**२.३ लक्ष्य (Goal)** ........ ४
**२.४ उद्देश्यहरु** ........ ४
**२.५ समुदायमा आधारित पर्यटन नीतिहरु (Policies)** ........ ५
**२.६ रणनीतिहरु** ........ ६
**२.७ कार्यनीतिहरु** ........ ७
**३.१ संस्थागत व्यवस्था** ........ १६
**३.२** कानूनी व्यवस्था ........ १६
**३.३** वित्तीय व्यवस्था ........ १६
**३.४** नीति कार्यान्वयनमा गाउँपालिकाको भुमिका ........ १७
**३.५ जोखिम पहिचान र व्यवस्थापन** ........ १७
**३.६ अनुगमन, मूल्याङ्कन तथा नीति पुनरावलोकन** ........ १७
**३.७ नीति कार्यान्वयन** ........ १७
**३.८** विविध ........ १७
**३.९** अनुसूची ........ १८

अनुसूची-१ ........................................................................................................................................18
अनुसूची-२ ........................................................................................................................ १९

# परिच्छेद-१: परिचय

## १.१ पृष्ठभुमी

नेपालमा समुदायमा आधारित पर्यटन (Community-Based Tourism – CBT) ग्रामीण तथा प्राकृतिक, सांस्कृतिक र सामाजिक सम्पदाको संरक्षण गर्दै स्थानीय समुदायको प्रत्यक्ष सहभागिता र लाभ सुनिश्चित गर्ने पर्यटन विकासको एक महत्वपूर्ण अवधारणाका रूपमा विकसित हुँदै आएको छ । यसको मूल मर्म पर्यटनका गतिविधि, व्यवस्थापन तथा लाभ वितरणमा स्थानीय समुदायलाई केन्द्रमा राखी स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउनु हो । होमस्टे, सांस्कृतिक पर्यटन, स्थानीय खाना, वास्तुकला तथा हस्तकला प्रवर्द्धन, प्रकृति तथा जैविक विविधतामा आधारित पर्यटन यसका प्रमुख अभ्यासहरू हुन् । नेपालको भौगोलिक विविधता, हिमाली तथा पहाडी जीवनशैली, जातीय तथा सांस्कृतिक सम्पदा र प्राकृतिक सौन्दर्यका कारण समुदायमा आधारित पर्यटनको विकासका लागि पर्याप्त सम्भावना रहेको छ । विशेषगरी दुर्गम तथा ग्रामीण क्षेत्रमा आयआर्जन, रोजगार सिर्जना, महिलाको आर्थिक सशक्तीकरण, युवाको उद्यमशीलता विकास, स्थानीय संस्कृति तथा परम्परागत ज्ञानको संरक्षण र वातावरणीय दिगोपनामा समुदायमा आधारित पर्यटनले महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ । नेपालमा समुदायमा आधारित पर्यटनको अभ्यास विशेषगरी गाउँ पर्यटन र होमस्टे अभियानबाट संस्थागत रूपमा विस्तार भएको देखिन्छ । स्याङ्जाको सिरुबारीबाट सुरु भएको समुदायमा आधारित होमस्टे अभ्यासले देशभरका विभिन्न ग्रामीण क्षेत्रमा विस्तार हुने आधार तयार गऱ्यो । यसका साथै स्थानीय समुदायको नेतृत्वमा पदमार्ग व्यवस्थापन, पर्यटक सूचना केन्द्रको स्थापना, सांस्कृतिक कार्यक्रम सञ्चालन तथा स्थानीय उत्पादनको बजारीकरण जस्ता अभ्यासहरू बढ्दै गएका छन् । नीतिगत तथा संस्थागत रूपमा नेपाल सरकारले पर्यटन नीति २०६५, होमस्टे सञ्चालन कार्यविधि २०६७ तथा आवधिक योजनामार्फत ग्रामीण तथा समुदायमा आधारित पर्यटनलाई प्राथमिकता दिएको पाईन्छ । संघीय संरचना कार्यान्वयनपछि प्रदेश तथा स्थानीय सरकारहरूले आफ्ना पर्यटन नीति, ऐन, रणनीति र कार्यविधि निर्माण गरी होमस्टे विकास, पदमार्ग व्यवस्थापन, पर्यटन पूर्वाधार निर्माण तथा स्थानीय पर्यटन उद्यम प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गरिरहेका छन् । साथै, सरकारी निकाय, विकास साझेदार संस्था, निजी क्षेत्र तथा स्थानीय समुदायबीचको सहकार्यमा क्षमता विकास, पर्यटन व्यवस्थापन तथा गन्तव्य प्रवर्द्धनका विविध पहलहरू अघि बढिरहेका छन् ।

टेम्केमैयुङ गाउँपालिका क्षेत्र प्राचीन समयदेखि नै किरात सभ्यता, मुन्दुम दर्शन र प्राकृतिक सौन्दर्यका कारण सांस्कृतिक तथा धार्मिक रूपमा महत्वपूर्ण मानिँदै आएको छ । यहाँका डाँडाकाँडा, चरन क्षेत्र र धार्मिक स्थलहरूमा स्थानीय समुदाय परम्परागत रूपमा पूजा, तीर्थ तथा सांस्कृतिक यात्राका लागि जाने प्रचलन रहेको पाइन्छ । विशेषगरी  टेम्के र मैयूङडाँडा जस्ता उच्च स्थानबाट ८ हजार मिटर भन्दा अग्ला ५ वटा हिमाल, विश्वकै गहिरो उपत्यका अरुण, सूर्योदय र प्राकृतिक दृश्यावलोकन गर्न स्थानीय तथा छिमेकी क्षेत्रका मानिसहरू आउने परम्परा पुरानैदेखि रहेको छ । टेम्केमैयुङ गाउँपालिकाले पर्यटनलाई दिगो आर्थिक समृद्धिको मेरुदण्डको रूपमा स्थापित गर्ने र आफ्नो क्षेत्रको पर्यटनका सम्भावना हरुलाई विकास, व्यवस्थापन र प्रवर्द्धन गर्ने उद्देश्यले समुदायमा आधारित पर्यटन नीति तर्जुमा गरेको छ । प्रकृति, संस्कृति, र आस्थाको अनुपम संगम, भौगोलिक विविधता, आतिथ्यपुर्ण संस्कार र व्यवहार, विशिष्ट रहनसहन, भेषभुषा र रैथाने खानापान, धार्मिक सहिष्णुता र सदभाव सामाजिक तथा सांस्कृतिक विविधता, मौलिक स्थानीय वास्तुकला, टेम्केमैयुङका पर्यटकीय गहनाका रुपमा रहेका छन ।

नेपाल सरकारबाट प्रमुख १०० पर्यटकीय गन्तव्यभित्र सूचीकृत तथा चीनको गुइझो प्रान्तको गुइयाङ शहरमा सम्पन्न अन्तर्राष्ट्रिय पर्वतीय पर्यटन तथा बाह्य खेलकुद सम्मेलन २०२५ बाट अन्तर्राष्ट्रिय पहाडी पदयात्रा प्रदर्शन मार्ग (इन्टरनेश्नल माउन्टेन हाइकिङ डेमोस्ट्रेशन रुट) को मान्यता प्राप्त **"मुन्दुम पदमार्ग"** प्राकृतिक तथा सांस्कृतिक पर्यटन प्रवर्द्धनका लागि महत्वपूर्ण सम्पत्तिको रुपमा रहेको छ । लोपोन्मुख रेडपान्डा लगायतका वन्यजन्तुहरुको संरक्षण गर्दै गाउँपालिका भित्रका सम्पूर्ण ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं प्राकृतिक सम्पदाहरूको पहिचान गरी समुदायमा आधारित पर्यटनलाई आर्थिक समृद्धिको स्रोत बनाउनु आजको आवश्यकता रहेको छ । यसै पृष्ठभूमिमा टेम्केमैयुङ गाउँपालिकाले समुदायमा आधारित पर्यटनको प्रवर्द्धन गर्नुका साथै स्थानीय स्रोत साधनको उचित व्यवस्थापन, वातावरण संरक्षण, स्थानीय कला, संस्कृति, भाषा, वास्तुकलाको जर्गेना, संरक्षण तथा प्रवर्द्धन गर्दै पदमार्ग तथा अन्य पर्यटन पूर्वाधारको विकास मार्फत स्थानीय विपन्न समुदायको आय आर्जनमा वृद्धि गरी जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने लक्ष्यका साथ यस नीतिको तर्जुमा गरिएको छ ।

### १.१.१ **विगतका प्रयासहरु**

टेम्केमैयुङ गाउँपालिका स्थापना भएदेखि नै पदमार्गमा आधारित पर्यटन विकासलाई मुख्य प्राथमिकतामा राख्दै आएको छ । गाउँपालिकाले मुन्दुम पदमार्गको पहिचान र नामाकरण गरी स्वीस विकास सहयोग (SDC), प्रदेश सरकार तथा छिमेकी स्थानीय तहहरू (साकेला र केपिलासगढी गाउँपालिका खोटाङ तथा भोजपुर नगरपालिका, षडानन्द नगरपालिका र साल्पासिलिछो गाउँपालिका भोजपुर) सँग सहकार्य गर्दै कोभिड–१९ को समयमा मुन्दुम पदमार्ग निर्माण तथा व्यवस्थापन कार्यलाई तीव्र रूपमा अघि बढाएको थियो । गाउँपालिकाले धार्मिक, सांस्कृतिक, प्राकृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण गर्दै यस क्षेत्रलाई आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । मुन्दुम पदमार्गले राष्ट्रिय स्तरमा परिचय प्राप्त गरी नेपालको उत्कृष्ट १०० पर्यटकीय गन्तव्यमा स्थान पाएपछि यहाँको पर्यटन विकासले थप गति लिएको छ ।

विगतका वर्षहरूमा गाउँपालिकाले मुन्दुम पदमार्ग सुधार, विश्रामस्थल निर्माण, शौचालय, खानेपानी, बासस्थान तथा डस्टबिन जस्ता आवश्यक पर्यटन पूर्वाधार निर्माण र व्यवस्थापनका कार्यहरू भएका छन । साथै, गाउँपालिकाका सबै वडाहरूमा सडक विस्तार गरी पर्यटकीय स्थलसम्म पुग्न सहज पहुँचको व्यवस्था गरिएको छ । पान्धारे पोखरी, महभीर सावा झरना लगायतका प्राकृतिक, धार्मिक र सांस्कृतिक स्थलहरूको संरक्षण तथा व्यवस्थापनका कार्यहरू पनि निरन्तर रूपमा सञ्चालन भएका छन् । पर्यटन सेवाको गुणस्तर सुधार गर्न होटल व्यवसायी तथा कृषकहरूलाई रैथाने खानासम्बन्धी तालिम, स्थानीय पथप्रदर्शक (गाइड) क्षमता विकास तालिम तथा व्यवसायिक कृषक प्रोत्साहन कार्यक्रम सञ्चालन गरिएका छन् । साथै, "मुन्दुम पर्यटन वर्ष २०२५", रैथाने खाना महोत्सव र कृषि प्रदर्शनी मेला आयोजना गरी स्थानीय संस्कृति तथा उत्पादनको प्रवर्द्धन र बजारीकरण गरिएको छ ।

यसका अतिरिक्त, पर्यटन सूचना केन्द्रको भवन निर्माण सम्पन्न भएको छ भने स्थानीय कृषि उत्पादनलाई प्रवर्द्धन गर्न कृषि पकेट कार्यक्रम सञ्चालन गरिएको छ । स्थानीय रैथाने उत्पादनको बजार विस्तारका लागि काठमाडौं र उर्लाबारीमा बिक्री कक्ष स्थापना गरिएको छ । यी सबै प्रयासहरूले टेम्केमैयुङ गाउँपालिकालाई प्राकृतिक, सांस्कृतिक तथा आध्यात्मिक पर्यटन गन्तव्यको रूपमा विकास गर्न महत्वपूर्ण आधार तयार गरेका छन् ।

### १.१.२ **वर्तमान अवस्था**

नेपाल सरकारले विगत देखि नै निजी क्षेत्रलाई नेतृत्वदायी भुमिका प्रदान गरी पर्यटन पुर्वाधार विकास र नीतिगत सहजीकरण गर्दै आएको छ । पर्यटन क्षेत्रमा स्वदेशी तथा विदेशी लगानीमा बढोत्तरी भइरहेको छ । कोशी प्रदेश सरकारले पनि पर्यटन विकासलाई प्रवर्द्धन गर्न संरचना तथा संस्थागत विकासको प्रक्रिया अघि बढाईरहेको छ । मुन्दुम पदमार्गको मध्यविन्दुमा टेम्केमैयुङ गाउँपालिका पर्दछ । टेम्केडाँडा, मैयुङडाँडा, सेल्मेडाँडा, चखेवा भञ्ज्याङ, कपासे भञ्ज्याङ, तावा भञ्ज्याङ, साल्पापोखरी, हाँस पोखरी, सिहंदेवी गुफा, महभीर झरना, सावा झरणा, लेमलेम झरणा, खोइबा छागा, भुवान पोखरी, तीन कन्यादेवी पोखरी, पान्धारे पोखरी, नरोतम दह, सातमुले, जलजले सिमसार, रानीचाँपको जंगल भीर मौरी, पान्धारे किराँतेश्वर ढुङ्गे बगैंचा लगायतका प्राकृतिक सम्पदाहरु पर्यटकीय आकर्षणका रुपमा रहेका छन । टेम्केडाँडा, मैयुङडाँडाबाट देखिने सगरमाथा हिमाल र तराईका हरियाली फाँटहरुको मनमोहक दृष्य र यहाँका सुन्दर प्राकृतिक दृष्यहरु हेर्न आउने स्वदेशी तथा विदेशी पर्यटकहरुको संख्या वर्षेनी बढ्दो क्रममा रहेको छ । मध्यपहाडी राजमार्ग पालिका भित्रैबाट विस्तार भएका कारण यातायातको पहुँचमा बृद्धि भएको छ । स्थानीय किराँती संस्कृति, स्थानीय खाना, स्थानीय अर्गानीक उत्पादन, धामी नाच, स्थानीय पर्व तथा मेला र स्थानीय वास्तुकला यस पालिकाको पर्यटन विकासका लागि अमुल्य अवयवहरु हुन । पर्यटन क्षेत्रमा स्थानीय समुदायको रुचीमा बढोत्तरी भइ यस पालिका क्षेत्रभित्र होटल तथा होमस्टे व्यवसाय विस्तार हुँदै गरेको, किवी, सुन्तला लगायतका फलफुल खेति, तरकारी खेति र रैथाने बालीहरुको खेति गर्न कृषकहरु उत्साहित भईरहेको अवस्था छ । स्थानीय पर्यटक गाइडहरुको संख्यामा बृद्धि हुदै गइरको र सामाजिक संजालहरुमा मुन्धुम पदमार्गको व्यापक रुपमा प्रचार प्रसार भइरहेको अवस्था छ । नेपालीहरुको क्रय शक्तीमा भएको सुधार, नयाँ गन्तब्यको खोजी, देश भित्रै भ्रमण गर्ने बानीमा विकास हुनुका साथै छुट्टिमा विदेशबाट घर आएका नेपालीहरुले परिवारका सरदस्यहरुलाई घुमाउने र गर्मी समयमा तराइबाट शितलका लागि पहाड घुम्न आउने प्रवृतिमा बढोत्तरी भएका कारण ग्रामीण पर्यटकीय गतिविधिमा पनि उल्लेखनीय विस्तार भएको देखिन्छ । पर्यटन उद्योगहरुलाई स्थानीय स्तरमा लगानीको वातावरण निर्माण गरी पर्यटकीय पुर्वाधारहरुको निर्माण गरिनुका साथै नीतिगत सहजीकरणका कार्यक्रम मार्फत स्थानीय समुदायको सहभीतामा पर्यटन क्षेत्रलाई

सबलीकरण गर्न गाउँपालिका स्तरमा समुदायमा आधारित पर्यटन नीति तर्जुमाको आवश्यकता रहेको छ। ग्रामीण पर्यटनका क्षेत्रमा देखिएका सम्भावना र अवसरलाई स्थानीय समुदायको अग्रसरतामा सहभागीतामुलक तरिकाले उपयोग गरी पर्यटन क्षेत्रको लाभलाई समानुपातिक रुपमा समुदाय स्तरसम्म वितरण गर्नुपर्ने अवस्था छ।

## १.२ समस्या तथा चुनौती र नीतिको आवश्यकता

### १.२.१ समस्या

यसै सन्दर्भमा, टेम्केमैयुङ गाउँपालिकाले आफ्नो वार्षिक नीति, बजेट तथा कार्यक्रम मार्फत संघ, प्रदेश, निजी क्षेत्र तथा विभिन्न दातृ निकायहरूसँग समन्वय गरी पर्यटन प्रवर्द्धनका प्रयासहरु गरे पनि अपेक्षित रूपमा पर्यटन प्रवर्द्धनलाई अगाडि बढाउन सकिरहेको छैन। पर्यटकीय स्थलहरूमा पर्यटक, स्थानीय समुदाय तथा नागरिकहरु बिच आवश्यक समन्वयको अभावका कारण समुदायमा आधारित पर्यटन विकासबाट अपेक्षित लाभ प्राप्त हुन सकेको छैन। यस्तो परिस्थितिमा, पर्यटन पूर्वाधारको एकीकृत विकास, पर्यटन व्यवसायको व्यवस्थापन तथा पर्यटनका लाभ, दायित्व र स्वामित्वलाई स्थानीय समुदायबीच न्यायोचित रूपमा वितरण गर्ने योजनाबद्ध गतिविधिहरू सञ्चालन गर्नु आवश्यक देखिन्छ। स्थानीय रैथाने खाना, बाली, पर्व, संस्कृतिहरु लोप हुदै जानु सुविधा सम्पन्न होटल तथा लजहरु नहुनु, भरपर्दो संचार सेवा नहुनु, गाउँपालिकाको आन्तरिक आय न्यून हुनु, पर्यटकीय स्थलहरुको पर्याप्त विकास हुन नसक्नु, गुणस्तरीय र सुविधाजनक पुर्वाधारको कमी हुनु, प्रभावकारी रुपमा पर्यटकीय वस्तुहरुको प्रचार प्रसार नहुनु, पर्यटन क्षेत्रमा लगानीको कमी हुनु, पर्यटकीय गतिविधिहरुलाई वातावरणमैत्री बनाउन नसक्नु, फोहरमैलाको उचित व्यवस्थापन नहुनु, पर्यटन विकास तथा व्यवस्थापनमा समुदायको सहभागीता न्यून हुनु, बसाइ सराई, वैदेशिक रोजगार, अव्यवस्थित बसोबास फोन तथा इन्टरनेटको राम्रो सुविधा नहुनु, पर्याप्त मात्रामा खाने बस्ने व्यवस्था नहुनु, स्वास्थ्य उपचारको सुविधा नहुनु, सुरक्षा प्रबन्ध नहुनु, आपतकालीन उद्धारको योजना नहुनु, अन्तरतह तथा अन्तरपालिका समन्वयको कमी हुनु, दक्ष जनशक्तिको कमी हुनु, पर्यटनमैत्री तथा समुदायमा आधारित कानूनी व्यवस्था नहुनु जस्ता समस्याहरु रहेका छन।

### १.२.२ चुनौती

टेम्केमैयुङ गाउँपालिकामा पर्यटन विकासका प्रशस्त सम्भावनाहरू हुँदाहुँदै पनि केही महत्वपूर्ण चुनौतीहरू रहेका छन्। दुर्गम भौगोलिक अवस्था र अझै पूर्ण रूपमा व्यवस्थित नभएको यातायात तथा पर्यटन पूर्वाधारका कारण सबै पर्यटकीय स्थलहरूमा सहज पहुँच सुनिश्चित गर्न कठिनाइ रहेको छ। समुदायमा आधारित पर्यटन प्रवर्द्धन मार्फत गाउँपालिकाको आन्तरिक आयमा बृद्धि गर्नु, पर्यटन क्षेत्रमा रोजगारी र स्वरोजगारीको अवसरमा बृद्धि गर्नु, गुणस्तरीय पर्यटन पुर्वाधार विकासमा निजी क्षेत्रको लगानी आकर्षण गर्नु, पर्यटकहरुको बसाई लम्ब्याउनु, गुणस्तरीय आवास, स्वास्थ्य सेवा, सूचना प्रणालीको व्यवस्थापन गर्नु, स्थानीय रैथाने खाना तथा स्थानीय वस्तुको उत्पादन र गुणस्तर प्रमाणीकरण गर्नु, पर्यटकहरुको सुरक्षा, आपतकालीन समयमा खोज तथा उद्धारको कार्यलाई प्रभावकारी बनाउनु, पर्यटकहरुको अभिलेखीकरण गर्नु, पर्यटकीय गतिविधिहरुलाइ वातावरणमैत्री तथा जलवायु अनुकुल बनाउनु, नेपाल भित्रै र अन्तर्राष्ट्रिय बजारमा गाउँपालिकालाई प्रमुख पर्यटकीय गन्तव्यका रुपमा स्थापित गर्नु, पर्यटकीय सम्भावनाकहरुको बजारीकरण तथा ब्राण्डीङ्ग गर्नु, पदमार्ग क्षेत्रमा संचार सुविधा विस्तार गर्नु प्रशिक्षित जनशक्ति तथा व्यावसायिक पर्यटन सेवाको विकास गर्नु, र स्थानीय उत्पादन तथा सांस्कृतिक सम्पदाको प्रभावकारी व्यवस्थापन गर्नु जस्ता प्रमुख चुनौतीहरु रहेका छन। यी चुनौतीहरू समाधान गर्दै दिगो पर्यटन विकासका लागि पूर्वाधार विस्तार, प्रभावकारी प्रचारप्रसार, लगानी अभिवृद्धि तथा स्थानीय समुदायको सक्रिय सहभागिता आवश्यक देखिन्छ।

### १.२.३ नीति तर्जुमाको अपेक्षा

नेपालको संविधान अनुसार पर्यटन सम्बन्धी विषय संघ, प्रदेश र स्थानीय तीनै तहका सरकारको साझा अधिकार क्षेत्रभित्र पर्दछ। यस सन्दर्भमा टेम्केमैयुङ गाउँपालिकाले पर्यटन क्षेत्रको समग्र विकासका लागि समुदायमा आधारित पर्यटन नीति तयार गरेको हो। यस नीतिले विभिन्न तहका सरकार र सम्बन्धित निकायबीच समन्वय बढाउने, गुणस्तरीय पर्यटकीय पूर्वाधार विकास गर्ने, नयाँ पर्यटकीय गन्तव्य र गतिविधिको विकास गर्ने तथा गाउँपालिकाभित्र रहेका पर्यटकीय स्थलहरूको प्रभावकारी प्रचारप्रसार गर्ने लक्ष्य राखेको छ। साथै, पर्यटनलाई दिगो, समावेशी र वातावरणमैत्री बनाउँदै स्थानीय समुदायको सहभागिता बढाउने, रोजगारी सिर्जना गर्ने र पर्यटन

क्षेत्रमा लगानी आकर्षित गर्ने उद्देश्य रहेको छ । स्थानीय कला, संस्कृति, परम्परा, रहनसहन, रैथाने खाना, स्थानीय उत्पादन तथा मौलिक वास्तुकलाको संरक्षण र प्रवर्द्धन गर्दै पदमार्गमा आधारित पर्यटन, साहसिक पर्यटन, धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन, कृषि पर्यटन, खेल पर्यटन, स्वास्थ्य पर्यटन, शिक्षा पर्यटन तथा पर्यावरण पर्यटनजस्ता नयाँ पर्यटन क्षेत्रलाई समेत यस नीतिले समेटेको छ । निजी क्षेत्रको भूमिका प्रोत्साहन गर्दै पर्यटनलाई गाउँपालिकाको आर्थिक समृद्धिको प्रमुख आधारका रूपमा विकास गर्ने लक्ष्य राखिएको छ।

समुदायमा आधारित पर्यटन नीतिको प्रभावकारी कार्यान्वयनबाट स्थानीय समुदायको स्वामित्व र सहभागिता सुनिश्चित हुनेछ । यसले पर्यटन सेवाको गुणस्तर सुधार गर्न प्रतिस्पर्धा बढाउने, पर्यटकीय गतिविधि विस्तार गर्ने र आन्तरिक तथा बाह्य पर्यटकहरूको आगमन बढाउने अपेक्षा गरिएको छ । यस नीतिमार्फत विद्यमान पर्यटकीय पूर्वाधारको प्रभावकारी सञ्चालन, नयाँ सम्भावना भएका क्षेत्रमा लगानी विस्तार तथा प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक र जैविक सम्पदाको संरक्षण र प्रचारप्रसारमा सहयोग पुग्नेछ । अन्ततः टेम्केमैयुङ गाउँपालिका आकर्षक, सुरक्षित र रमणीय पर्यटकीय गन्तव्यका रूपमा स्थापित भई स्थानीय जनताको आयआर्जन र जीवनस्तर सुधारमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

# परिच्छेद-२ : नीति संरचना

## २.१ दीर्घकालीन दृष्टिकोण (Vision)

दिगो, समावेशी र समुदाय-केन्द्रित पर्यटनमार्फत प्रकृति र संस्कृतिमा आधारित उत्कृष्ट अन्तर्राष्ट्रिय गन्तव्य टेम्केमैयुङ

## २.२ ध्येय (Mission)

स्थानीय स्रोत, सीप र संस्कृतिको संरक्षण तथा उपयोग गर्दै समुदायको नेतृत्वमा गुणस्तरीय पर्यटन सेवा, पूर्वाधार र उद्यम विकासमार्फत आर्थिक समृद्धि अभिवृद्धि गर्ने ।

## २.३ लक्ष्य (Goal)

समुदायमा आधारित पर्यटनमार्फत रोजगारी सिर्जना, आय वृद्धि र सामाजिक समावेशिता सुनिश्चित गर्दै दिगो स्थानीय आर्थिक विकास हासिल गर्ने ।

## २.४ उद्देश्यहरु

१. स्थानीय प्राकृतिक, सांस्कृतिक तथा धार्मिक सम्पदाहरुको संरक्षण गर्दै पर्यटकीय वस्तुको पहिचान, विकास, प्रवर्द्धन र विविधीकरण गर्नु ।

२. गुणस्तरीय, सुरक्षित, दिगो र पहुँच योग्य पर्यटन पूर्वाधार र सेवाहरूको विकासमार्फत पर्यटक अनुभव सुधार गर्नु ।

३. वातावरणमैत्री तथा जलवायु परिवर्तन अनुकुलनमा आधारित पर्यटन अभ्यास र प्रणाली स्थापना गर्नु ।

४. पर्यटन क्षेत्रमा प्रभावकारी संस्थागत संरचना, सुशासन, नीति-संरचना र अन्तरसंस्था समन्वयमा सुधार गर्नु ।

५. स्थानीय समुदायको समावेशी सहभागीता सुनिश्चित गर्दै पर्यटन व्यवसाय र अनुभवहरूमा समुदायको नेतृत्वलाई सशक्त बनाउनु ।

६. स्थानीय उत्पादन, कृषि, हस्तकला तथा स्थानीय पर्यटन उद्यम मार्फत रोजगारी, स्वरोजगारी र समावेशी आर्थिक विकासका अवसर सिर्जना गर्नु।

७. दिगो र समुदाय-केन्द्रित पर्यटन प्रवर्द्धन गर्न शिक्षा, तालिम र क्षमता विकासमार्फत स्थानीय जनशक्ति सशक्त बनाउनु ।

८. अन्तर्राष्ट्रिय र राष्ट्रिय बजारमा टेम्केमैयुङको पर्यटन ब्रान्डिङ र प्रवर्द्धन गर्दै दीगो आर्थिक लाभ सुनिश्चित गर्नु ।

## २.५ समुदायमा आधारित पर्यटन नीतिहरु (Policies)

२.५.१ टेम्केमैयुङ गाउँपालिका भित्रको भौगोलिक, प्राकृतिक, धार्मिक, सामाजिक तथा सांस्कृतिक विविधतालाई उपयोग तथा संरक्षण गर्दै विद्यमान पर्यटकीय वस्तु तथा गन्तव्यको पहिचान, विकास तथा विस्तार र विविधिकरण गरिनेछ। (उद्देश्य-१, सँग सम्बन्धित नीति)

२.५.२ उपयुक्त प्रविधि र माध्यामको उपयोग गरि स्थानीय पर्यटकीय वस्तुहरुको प्रचारप्रसारका साथै प्रवर्द्धनात्मक गतिविधि संचालन गरिनेछ। (उद्देश्य-१, सँग सम्बन्धित नीति)

२.५.३ गुणस्तरीय एवं सुरक्षित पुर्वाधार विकासका लागि सार्वजनिक र निजी लगानी प्रवर्द्धन गरिनेछ। पर्यटन सेवामा पहुँच बृद्धि गर्न सडक यातायतलाई व्यवस्थित र नियमित गराउँदै मुन्दुम पदमार्ग क्षेत्रमा खानेपानी, सरसफाई तथा स्वास्थ्य सेवा, संचार सेवा लगायत सेवाको विस्तार गरिनेछ। (उद्देश्य-२, सँग सम्बन्धित नीति)

२.५.४ पर्यटकीय गतिविधिलाई वातावरणमैत्री, जलवायु अनुकुलन, समतामुलक, जिम्मेवार बनाउँदै पर्यापर्यटनको विकास तथा प्रवर्द्धन गरिनेछ। (उद्देश्य-३, सँग सम्बन्धित नीति)

२.५.५ पर्यटन सम्वद्ध कानून र नीतिलाई पालना गर्दै संस्थागत विकास, समन्वय र क्षमता विकासमा जोड दिइनेछ। (उद्देश्य-४, सँग सम्बन्धित नीति)

२.५.६ पर्यटन क्षेत्रमा स्थानीय समुदायको समावेशी सहभागीता अभिबृद्धि गर्दै पर्यटन व्यवसाय विस्तार गरि सोको लाभ, दायित्व र स्वामित्वलाई न्यायोचित रूपमा वितरण गरिनेछ। (उद्देश्य-५, सँग सम्बन्धित नीति)

२.५.७ स्थानीय कृषि, हस्तकला, रैथाने उत्पादन तथा पर्यटन सम्बन्धि उद्यमको प्रवर्द्धन गरी स्वरोजगारी तथा रोजगारीका अवसर सिर्जना गर्दै समावेशी आर्थिक विकास गरिनेछ। (उद्देश्य-६, सँग सम्बन्धित नीति)

२.५.८ पर्यटन सेवा प्रदायकहरू, स्थानीय कर्मचारी र युवाहरूलाई तालिम, क्षमता विकास र दक्षता वृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ, जसले गुणस्तरीय सेवा सुनिश्चित गर्नेछ। (उद्देश्य-७, सँग सम्बन्धित नीति)

२.५.९ अन्तर्राष्ट्रिय र राष्ट्रिय बजारमा टेम्केमैयुङको पर्यटन ब्रान्डिंग र प्रवर्द्धन गर्दै दीगो आर्थिक लाभ सुनिश्चित गरिनेछ। (उद्देश्य-८, सँग सम्बन्धित नीति)

## २.६ रणनीतिहरु

**नीति २.५.१ सँग सम्बन्धित**

२.६.१ टेम्केमैयुङ गाउँपालिका भित्रका सम्भावित स्थानीय पर्यटकीय क्षेत्र र वस्तुहरूको पहिचान, सम्भाव्यता अध्ययन र अनुसन्धान गर्ने।

२.६.२ विद्यमान पर्यटकीय गन्तव्य र वस्तुको गुणस्तर सुधार, प्रवर्द्धन र व्यवस्थित विकास गर्ने।

२.६.३ स्थानीय पर्यटकीय गन्तव्य, वस्तु र सेवाको विविधिकरण गर्दै नयाँ पर्यटक आकर्षण तथा अनुभवहरूको विकास गर्ने।

**नीति २.५.२ सँग सम्बन्धित**

२.६.४ स्थानीय पर्यटकीय वस्तु तथा गन्तव्यहरूको प्रचारप्रसारका लागि डिजिटल, सामाजिक संजाल र अन्य प्रभावकारी माध्यमहरूको उपयोग गर्ने।

२.६.५ संघ, प्रदेश, स्थानीय तह, गैरसरकारी संस्था, निजी क्षेत्र तथा गैरआवासीय नेपाली संघसंस्थासँग सहकार्य गर्दै पर्यटन प्रवर्द्धन कार्यक्रम संचालन गर्ने।

२.६.६ स्थानीय प्रर्यटन प्रवर्द्धनको लागि पर्यटन क्षेत्रका सेवा प्रदायक निकाय तथा समुहसँगको समन्वय, साझेदारी र सहकार्य स्थापित गर्ने।

२.६.७ आन्तरिक पर्यटन प्रवर्द्धनका लागि गाउँपालिका, निजी क्षेत्र, समुदाय र सरोकारवालासँग समन्वयमा नियमित कार्यक्रम सञ्चालन गर्ने।

**नीति २.५.३ सँग सम्बन्धित**

२.६.८ गुणस्तरीय, पर्यटकमैत्री र पहुँचयोग्य  पुर्वाधार निर्माण गर्ने।

२.६.९ आन्तरिक र बाह्य पर्यटकको पहुँच, सुविधा र अनुभव अभिवृद्धि गर्ने।

२.६.१० पर्यटन पुर्वाधार र सेवा विस्तारका लागि सार्वजनिक तथा निजी लगानी प्रवर्द्धन गर्ने।

**नीति २.५.४ सँग सम्बन्धित**

२.६.११ पर्यटकीय गतिविधिलाई वातावरणमैत्री, दिगो र जिम्मेवार बनाउने।

२.६.१२ पर्यटकीय गन्तव्यहरुमा जलवायुजन्य जोखिम पहिचान गरी न्यूनीकरण तथा अनुकुलन गर्ने।

२.६.१३ पर्यटनबाट प्राप्त आर्थिक र सामाजिक लाभ समन्यायिक, न्यायोचित र दीगो रूपमा वितरण गर्ने।

**नीति २.५.५ सँग सम्बन्धित**

२.६.१४ स्थानीय पर्यटन संस्थागत क्षमता विकास गरी पर्यटन सूचना व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउने।

२.६.१५ पर्यटन सेवा व्यवस्थापनमा अन्तर तह तथा अन्तरपालिका समन्वय गर्ने।

२.६.१६ पर्यटन सेवा प्रदायक निकाय तथा निजी क्षेत्रको क्षमता विकास, तालिम र व्यवस्थापन सुधार गर्ने।

**नीति २.५.६ सँग सम्बन्धित**

२.६.१७ पर्यटन योजना, निर्णय र कार्यान्वयन प्रक्रियामा स्थानीय समुदायको समावेशी सहभागीता सुनिश्चित गर्ने।

२.६.१८ स्थानीय बासिन्दालाई पर्यटनसँग सम्बन्धित ज्ञान, सीप र उद्यमशीलतामा सक्षम बनाउँदै पर्यटन व्यवसाय विस्तार गर्ने।

२.६.१९ पर्यटन क्षेत्रको लाभ, दायित्व र स्वामित्वलाई न्यायोचित रुपमा वितरण गर्ने।

२.६.२० पर्यटन पूर्वाधार, सेवा र स्रोतमा स्थानीय स्वामित्व र जिम्मेवारी बढाउने।

२.६.२१ पर्यटन विकाससँगै स्थानीय संस्कृति र वातावरणको दिगो संरक्षण सुनिश्चित गर्ने।

**नीति २.५.७ सँग सम्बन्धित**

२.६.२२ कृषि, हस्तकला, रैथाने उत्पादन र पर्यटन उद्यमलाई एकीकृत गर्दै मूल्य श्रृंखला विकास गर्ने ।

२.६.२३ साना/मझौला उद्यममार्फत स्वरोजगारी र रोजगारीका अवसर विस्तार गर्ने ।

२.६.२४ विशेषगरी महिला, दलित, जनजाति, युवा तथा विपन्न वर्गको समावेशी आर्थिक सहभागिता सुनिश्चित गर्ने ।

२.६.२५ स्थानीय उत्पादन तथा सेवाको ब्रान्डिङ, बजार प्रवर्द्धन, गुणस्तर सुधार र प्रतिस्पर्धात्मकता अभिवृद्धि गर्दै नवप्रवर्तनमुखी र दीगो आर्थिक विकास प्रवर्द्धन गर्ने ।

**नीति २.५.८ सँग सम्बन्धित**

२.६.२६ पर्यटन सेवा प्रदायकहरू, स्थानीय कर्मचारी र युवाहरूको सीप, ज्ञान र व्यावसायिक क्षमतामा अभिवृद्धि गर्दै गुणस्तरीय, सुरक्षित र प्रतिस्पर्धी पर्यटन सेवा प्रवाह सुनिश्चित गर्ने ।

**नीति २.५.९ सँग सम्बन्धित**

२.६.२७ टेम्केमैयुङ गाउँपालिका भित्रका मुख्य पर्यटकीय गन्तव्यको ब्रान्डिङ र मार्केटिङका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचार–प्रसार योजना लागू गर्ने ।

२.६.२८ डिजिटल प्लेटफर्म, सामाजिक संजाल, पर्यटन मेला र प्रदर्शनीमार्फत स्थानीय पर्यटकीय वस्तु र गन्तव्यको व्यापक प्रवर्द्धन गर्ने ।

२.६.२९ अन्तर्राष्ट्रिय र राष्ट्रिय पर्यटन बजारको माग र प्रवृत्तिलाई अध्ययन गर्दै टेम्केमैयुङको पर्यटन अनुभव र सेवा अनुसार अनुकूल रणनीति निर्माण गर्ने ।

२.६.३० विदेशी र राष्ट्रिय साझेदारहरू, पर्यटन अभियन्ता र अन्तर्राष्ट्रिय संघसंस्थासँग सहकार्य गर्दै दिगो र दीर्घकालीन आर्थिक लाभ सुनिश्चित गर्ने ।

## २.७ कार्यनीतिहरु

२.७.१ रणनीति २.६.१ सँग सम्बन्धित (सम्भावित स्थानीय पर्यटकीय क्षेत्रको अध्ययन अनुसन्धान गर्ने।)

(क) गाउँपालिकाभित्र उपलब्ध पर्यटकीय सम्भाव्यताका वस्तु तथा सेवाका बारेमा खोज, अध्ययन तथा अनुसन्धान गरिनेछ ।

(ख) स्थानीय सांस्कृतिक सम्पदा, भाषा, कला, साहित्य तथा वास्तुकला र स्थानीय खानाको खोज, अन्वेषण तथा संरक्षण गरिनेछ ।

(ग) पर्यटन क्षेत्रको अध्ययन, अनुसन्धान तथा विकासका लागि स्वदेश तथा विदेशका विश्वविद्यालय र अनुसन्धान केन्द्रहरुसँग समन्वय तथा सहकार्य गरिनेछ ।

(घ) पर्यटकीय सम्भाव्यता भएका नयाँ गन्तव्यहरूको GIS मा आधारित डिजिटल प्रोफाइल तयार गरिनेछ ।

(ङ) स्थानीय ज्ञान र परम्परागत अभ्यासलाई अनुसन्धान प्रक्रियामा समावेश गरिनेछ ।

२.७.२ रणनीति २.६.२ सँग सम्बन्धित (विद्यमान पर्यटकीय वस्तुको स्तरोन्नति र विकास गर्ने।)

(क) गाउँपालिका भित्रका प्रमुख पर्यटकीय गन्तव्यको वर्गिकरण सहितको वस्तुगत विवरण (Profile) तयार गरिनेछ ।

(ख) स्थानीय खाना तथा पहिरन, रैथाने कृषि अभ्यास र लोककलाको व्यवसायीकरण तथा नवप्रवर्तन गरिनेछ ।

(ग) पदमार्गमा संचालनमा रहेका र संचालन हुने होमस्टे (Homestay), गोठस्टे (Shead Stay) होटल (Hotel), लज (Lodge), सामुदायिक आवास प्रणालीहरुलाई प्रोत्साहन गरिनेछ ।

(घ) लोपोन्मुख पर्व, जात्रा, चाडपर्व लगायतका सांस्कृतिक तथा धार्मिक परम्पराहरुको संरक्षण गर्दै पर्यटक लक्षित महोत्सवको आयोजना गरिनेछ ।

(ङ) टेम्केमैयुङ गाउँपालिकालाई खेल पर्यटन गन्तव्य, वैवाहिक समारो गन्तव्य, हिमाल अवलोकन गन्तव्य, बनभोज गन्तव्य, विदा मनाउने गन्तव्यका रुपमा विकास गरि गाउँपालिकालाई बहुआयामिक पर्यटन गन्तव्यका रूपमा विकास गरिनेछ ।

(च) पुरातात्विक, ऐतिहासिक, धार्मिक र सांस्कृतिक सम्पदाहरुको संरक्षण सम्बर्द्धन र विकास गरिनेछ ।

(छ) स्थानीय कला, संस्कृति, साहित्य र वास्तुकलाको जगेर्ना गर्न संघ, प्रदेश र अन्तर पालिका तथा विकास साझेदारहरुसँग समन्वय गरिनेछ ।

(ज) पर्यटकीय गन्तव्यमा न्यूनतम सेवा मापदण्ड (Minimum Service Standards) लागू गरिनेछ ।

(झ) डिजिटल गाइड, सूचना केन्द्र र स्मार्ट पर्यटन सेवा विकास गरिनेछ ।

२.७.३ रणनीति २.६.३. सँग सम्बन्धित (पर्यटकीय गन्तव्य र वस्तुको विविधिकरण र विस्तार गर्ने।)

(क) पदयात्रा तथा साहसिक पर्यटकीय गतिविधि सञ्चालन गरिनेछ ।

(ख) परम्परागत तथा प्राकृतिक चिकित्सा, ध्यान, योग र आरोग्य (Wellies) पर्यटनको प्रवर्द्धन गर्न सम्बन्धित सघसंस्थासँग सहकार्य गरिनेछ ।

(ग) धार्मिक पर्यटकीय गन्तव्यहरुलाई परिपथको रूपमा विकास गरी पर्यटनको प्रवर्द्धन गरिनेछ ।

(घ) स्वास्थ्य सेवा प्रदायक संस्थाको गुणस्तर र क्षमता वृद्धि गरी पदमार्ग तथा पर्यटकीय क्षेत्रमा स्वास्थय सेवाको विस्तार गरिनेछ ।

(ङ) मौलिक तथा रैथाने खानपानको राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रवर्द्धन गर्न प्रोत्साहन गरिनेछ ।

(च) बहुमौसमी पर्यटनको प्रवर्द्धन गर्न पर्यटन उत्पादन र अनुभबलाई समेटेर पर्यटकीय क्रियाकलाप र उत्पादनमा विविधीकरण गरिनेछ ।

(छ) नयाँ विषयगत पर्यटन (जस्तैः कृषि, शिक्षा, संस्कृति) विकास गरिनेछ ।

(ज) युवा लक्षित साहसिक तथा डिजिटल अनुभवमा आधारित पर्यटन प्याकेज विकास गरिनेछ ।

२.७.४ रणनीति २.६.४. सँग सम्बन्धित (गाउँपालिका भित्रका पर्यटकीय वस्तुको सम्भाव्य स्रोत बजारमा प्रचारप्रसार गर्ने ।)

(क) गाउँपालिका भित्रका महत्त्वपूर्ण जात्रा, उत्सव, महोत्सवहरूको वार्षिक पात्रो निर्माण गरिनेछ ।

(ख) टेम्केमैयुङ गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रूपमा प्रस्तुत गर्न प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा साहसिकलगायतका पर्यटकीय बस्तुको ब्रान्डिङ गरिनेछ ।

(ग) व्यवसायिक पर्यटन (बैठक, सभा,सम्मेलन, प्रदर्शनी, प्रोत्साहन, भ्रमण) का लागि टेम्केमैयुङ उत्कृष्ट गन्तव्य रहेको सन्देश राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रवाह गरिनेछ ।

(घ) टेम्केमैयुङको पर्यटकीय विशेषता झल्काउने श्रव्यदृष्य सामाग्री वहुभाषामा प्रकाशन गर्नुका साथै विभिन्न संचार माध्याम तथा सामाजिक संजालबाट प्रसारण गरिनेछ ।

(ङ) संघ, प्रदेश र अन्तर स्थानीय तहको साझेदारीमा पर्यटकीय वस्तुको संयुक्त रुपमा प्रचार प्रसार र सूचनाको आदान प्रदान गरिनेछ ।

(च) आधिकारिक पर्यटन वेबसाइट र मोबाइल एप विकास गरिनेछ ।

(छ) पर्यटन सूचना केन्द्र स्थापना गरी सूचना प्रवाह व्यवस्थित गरिनेछ ।

२.७.५ रणनीति २.६.५ सँग सम्बन्धित (पर्यटन प्रवर्द्धनमा संघ, प्रदेश, अन्तर स्थानीय तह निजी क्षेत्रका साथै गैरआवासीय नेपाली आवद्ध संघसंस्थासँग सहकार्य गर्ने।)

(क) टेम्केमैयुङ गाउँपालिकाको पर्यटन पवर्द्धन गर्न संघ, प्रदेश, अन्तर स्थानीय तह, निजी क्षेत्रका साथै गैरआवासीय नेपाली आवद्ध संघसंस्थासँग समन्वय र सहकार्य गरिनेछ ।

(ख) विभिन्न मुलुकमा रहेका गैरआवासीय नेपालीलाई पर्यटन क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्न संघ सरकारसँग समन्वय गरिनेछ ।

(ग) पर्यटन क्षेत्रको विकास तथा विस्तारका लागि निजी क्षेत्रको समेत सहभागिता र सहलगानीमा विभिन्न पर्यटन मेला, महोत्सव, गन्तव्य प्रवर्द्धनका गतिविधिहरू सञ्चालन गरिनेछ।

(घ) अन्तर्राष्ट्रिय विकास साझेदारसँग परियोजनामा आधारित सहकार्य गरिनेछ।

(ङ) सार्वजनिक-निजी-सामुदायिक साझेदारी (PPCP) मोडेललाई प्रवर्द्धन गरिनेछ।

२.७.६ रणनीति २.६.६. सँग सम्बन्धित (पर्यटन क्षेत्रका सेवा प्रदायकसँग सहकार्य गर्ने।)

(क) पर्यटनसँग सम्बन्धित संघीय, प्रदेश र अन्तर तहका निकायहरु र निजी क्षेत्रसँग पर्यटन विकासका लागि समन्वय र सहकार्य गरिनेछ।

(ख) ट्राभल्स तथा टुर्स सञ्चालक, होमस्टे, होटल, लज र गोठस्टे लगायतका पर्यटन सेवाप्रदायकसँगको साझेदारी र सहकार्यमा स्थानीय पर्यटकीय बस्तुहरूको प्रवर्द्धन गरिनेछ।

(ग) पर्यटन क्षेत्रका राष्ट्रिय तथा स्थानीय सेवा प्रदायकसँगको समन्वयमा कोशेली घर, मेला, प्रदर्शनी, गन्तव्य प्रवर्द्धन लगायतका कार्यक्रम सञ्चालन गरिनेछ।

(घ) पर्यटन क्षेत्रमा आवश्यक जनशक्ति विकासका लागि र्राष्ट्रिय तथा प्रादेशिक पर्यटन सेवा प्रदायकसँग सहकार्य गरिनेछ।

(ङ) पर्यटन सेवा प्रदायकहरूको दर्ता, मापदण्ड र अनुगमन प्रणाली सुदृढ गरिनेछ।

(च) सेवा प्रदायकबीच नेटवर्किङ प्लेटफर्म स्थापना गरिनेछ।

२.७.७ रणनीति २.६.७. सँग सम्बन्धित (गाउँपालिका निजी क्षेत्र समुदाय र सरोकारवालाको समन्वय र सहकार्यमा आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने।)

(क) प्रमुख आन्तरिक पर्यटकीय गन्तव्यको पहिचान गरी प्रचारप्रसार गरिनेछ।

(ख) यात्रा उत्प्रेरणा बिदा (Travel Incentive Leaves), शैक्षिक भ्रमण र अध्ययन अबलोकन भ्रमण, बुढौली पर्यटन, MICE (Meetings, Incentives, Conferences, and Exhibitions Tourism) जस्ता विशेष सहुलियतसहितका स्किमहरू कार्यान्वयनमा ल्याईनुका साथै यस्ता पर्यटकीय स्थलहरुको विकास र विस्तार गरिनेछ।

(ग) आन्तरिक पर्यटकीय बस्तुको प्रवर्द्धनमा निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।

(घ) नेपाली पर्यटकलाई लक्षित गरी प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक स्थलहरूको भ्रमणमा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

(ङ) स्थानीय कला, संस्कृति, शिल्पकला, हस्तकला र रैथाने खानपान प्रवर्द्धनका लागि मेला, महोत्सव, प्रदर्शनी, ट्रेल रेस, चित्रकला प्रदर्शनी, सांस्कृतिक सम्मेलन जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

(च) आन्तरिक पर्यटन प्रवर्द्धनका लागि विद्यालय, कलेज, सरकारी तथा निजी संस्थासँग सहकार्य गरी **'घुमौँ टेम्केमैयुङ'** अभियान सञ्चालन गरिनेछ।

(छ) डिजिटल अभियान (सोसल मिडिया, इन्फ्लुएन्सर, भ्लगिङ) मार्फत युवा लक्षित आन्तरिक पर्यटन प्रवर्द्धन गरिनेछ।

२.७.८ रणनीति २.६.८. सँग सम्बन्धित (गुणस्तरीय र पर्यटकमैत्री पूर्वाधार निर्माण गर्ने।)

(क) पदमार्गमा खानेपानी, शौचालय, प्रतिक्षालय, बास बस्ने व्यवस्था लगायतका आधारभुत पुर्वाधारहरुको निर्माण गरिनेछ।

(ख) सडक र पदमार्गको विस्तार र स्तरोन्नति गरिनुका साथै नयाँ तथा सहायक पदमार्गको पहिचान र विकास गरिनेछ।

(ग) सार्वजनिक र निजी क्षेत्रबाट पर्यटकीय स्थलमा निर्माण हुने पूर्वाधारको गुणस्तर र सुरक्षा मापदण्ड निर्धारण गरी सोको अनिवार्य पालना गर्ने व्यवस्था गरिनेछ।

(घ) पर्यटकको तत्काल खोज तथा उद्धार गर्न पर्यटक सहायता केन्द्रको स्थापना गरिनेछ।

(ङ) पर्यटकीय स्थलहरुमा निर्माण हुने घरहरुको भवन निर्माण मापदण्ड बनाई कार्यान्वयन गरिनेछ।

(च) स्मार्ट पूर्वाधार (Wi-Fi, डिजिटल साइन बोर्ड, QR सूचना प्रणाली) विकास गरिनेछ।

(छ) अपाङ्गतामैत्री तथा पहुँचयोग्य (Accessible) पूर्वाधार निर्माणलाई प्राथमिकता दिइनेछ।

(ज) मुन्दुम पदमार्ग क्षेत्रभित्र चियाघर (Tea House), वनभोज स्थल (Picnic Spot), गोठबास (Shed Stay), गुफाबास (Cave stay) घरबास (Homestay), वनबास ( Jungle Stay), छाप्रीबास (Tent Stay) जंगल उद्यान (Jungle Park) लगायतका स्थलहरु संचालन तथा व्यवस्थापन गर्न संघ र प्रदेशसँगको समन्वय र सहकार्यमा तथा वनसँग सम्बन्धित निकायहरुको समन्वयमा मापदण्ड बनाई कार्यान्वयनमा ल्याइनेछ ।

(झ) विद्यमान वनसँग सम्बन्धित नीति नियमहरुलाई संशोधन तथा परिमार्जन गर्नका लागि आवश्यक पहल गरिनेछ ।

(ञ) मुन्दुम पदमार्गको दायाँ बायाँ ३ किलोमिटर क्षेत्रभित्र सडक विस्तार गर्न रोक लगाईनेछ ।

२.७.९ रणनीति २.६.९. सँग सम्बन्धित (पर्यटन सेवामा आन्तरिक र बाह्य पर्यटकको पहुँच अभिवृद्धि गर्ने।)

(क) संघ सरकारसँगको सहकार्यमा मुन्दुम पदमार्गमा पर्यटक प्रहरीको व्यवस्था गरि प्रभावकारी रुपमा परिचालन गरिनुका साथै हेल्पलाइन सेवा सुरु गरिनेछ ।

(ख) निजी क्षेत्रले प्रदान गर्ने पर्यटकीय सेवामा पदयात्रालाई व्यवस्थित तबरले आबद्ध गरिनेछ ।

(ग) स्थानीय समुदाय र सम्वद्ध संघसंस्थाको समन्वय र सहकार्यमा मुन्दुम पदमार्गमा आवश्यकतानुसारको सङ्केत चिन्ह व्यवस्थित गर्नुका साथै पदयात्रा मार्गको सुरक्षा र सरसफाइको व्यवस्था सुनिश्चित गरिनेछ ।

(घ) पर्यटन सेवा क्षेत्रलाई प्रवर्द्धन गर्न कानूनबमोजिम आवश्यक छुट, सहुलियत, प्रोत्साहन तथा सुविधा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

२.७.१० रणनीति २.६.१०. सँग सम्बन्धित (पर्यटन पूर्वाधार र सेवा विस्तारमा लगानी प्रवर्द्धन गर्ने।)

(क) गाउँपालिका क्षेत्र भित्र पर्यटकीय पुर्वाधारहरु निर्माण र सन्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

(ख) गाउँपालिकाभित्र खेल पर्यटन प्रवर्द्धन गर्न सार्वजनिक-निजी साझेदारीमा रैथाने खेलकुद पूर्वाधारमा लगानी आकर्षित गरिनेछ ।

(ग) स्थानीय बाँस, काठ र माटोका सामाग्रीहरु, दुना, टपरी जस्ता स्थानीय सामाग्रीहरुको उत्पादन र प्रयोगका लागि प्रोत्साहन गरिनेछ ।

(घ) वातावरणमैत्री पूर्वाधारमा लगानीलाई प्राथमिकता दिइनेछ।

(ङ) पर्यटन क्षेत्रमा लगानी आकर्षित गर्न लगानी सम्मेलनको आयोजना गरिनेछ।

२.७.११ रणनीति २.६.११. सँग सम्बन्धित (पर्यटकीय गतिविधिलाई बातावरणमैत्री बनाउने।)

(क) पर्यटकीय गन्तव्य स्थललाई बातावरणमैत्री बनाउदै पर्यटक तथा सेवाप्रदायकको आचारसंहिता बनाइ लागु गरिनेछ ।

(ख) हरित अर्थतन्त्र तथा पर्यापर्यटनको मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

(ग) रेडपाण्डा जस्ता दुर्लभ र लोपोन्मुख पशुपन्क्षी रहेका स्थलहरूको पहिचान गरी खुला चिडियाखाना, उद्धार र प्रजनन केन्द्र, बनस्पति उद्यान, जस्ता विशिष्ट पारिस्थितिकीय प्रणालीको संरक्षण (in-situ conservation), संवर्द्धन र प्रदर्शन स्थलको रूपमा बिकास गरिनेछ ।

(घ) सामाजिक, सांस्कृतिक र बातावरणीय मूल्यको संरक्षण र प्रवर्द्धन गर्न पर्यटकको सङ्ख्यात्मक भन्दा गुणात्मक वृद्धिमा प्राथमिकता दिइनेछ ।

(ङ) वातावरणीय प्रदुषणको प्रभावलाई न्यूनीकरण गर्न जिम्मेवार पर्यटन (Responsible Tourism) लाई प्रोत्साहन गरिनुका साथै हरित पदमार्ग, सफा पदमार्ग जस्ता अभियान संचालन गरिनेछ ।

(च) पर्यटन क्षेत्र सम्बद्ध जलवायु अनुकूलनका लागि स्थानीय अनुकूलन योजना तर्जुमा गरी कार्यान्वयन गर्न सम्बद्ध निकायसँग समन्वय गरिनेछ ।

(छ) फोहोर व्यवस्थापन (Reduce, Reuse, Recycle) प्रणाली लागू गरिनेछ ।

(ज) नवीकरणीय ऊर्जा र गोबर गुईठा (सौर्य, वायु, उर्जा) को प्रयोगलाई पर्यटन क्षेत्रमा प्रोत्साहन गरिनेछ ।

२.७.१२ रणनीति २.६.१२. सँग सम्बन्धित ((पर्यटकीय गन्तव्यहरूमा हुने जलवायूजन्य जोखिम न्यूनीकरण गर्ने ।)

(क) जलवायु परिवर्तनबाट पर्यटकीय सम्पदामा पर्न सक्ने जोखिम र प्रभाव न्यूनीकरणका बारेमा स्थानीय समुदायको जनचेतना अभिबृद्धि गरिनेछ ।

(ख) स्थानीय समुदायसँगको समन्वयमा पर्यटकीय क्षेत्रमा बातावरण अनुकूलनका क्रियाकलाप सञ्चालन गरिनेछ ।

(ग) पर्यटकहरूका साथमा जाने पथप्रदर्शक र सहयोगीलाई वातावरण संरक्षणसम्वन्धी तालिम तथा अभिमुखीकरण प्रदान गरिनेछ ।

(घ) निजी क्षेत्र तथा सरोकारवालासँगको सहकार्यमा पर्यटकीय क्षेत्रमा विपद् र महामारीको कारण आमसमुदायलाई हुने जोखिमबाट सुरक्षित राख्न जोखिम न्यूनीकरण तथा उद्वार कार्ययोजना तर्जुमा गरी कार्यान्वियन गरिनेछ ।

(ङ) पर्यटकीय क्रियाकलाप सञ्चालन गर्दा स्थानीय परम्परा, संस्कृति र जीवनशैलीको सम्मान तथा संरक्षण गर्नेतर्फ ध्यान दिइनेछ ।

(च) जलवायु जोखिम नक्साङ्कन (Risk Mapping) गरी संवेदनशील क्षेत्रहरूको पहिचान गरिनेछ ।

(छ) पूर्वसूचना प्रणाली (Early Warning System) स्थापना गरी विपद् जोखिम न्यूनीकरण गरिनेछ ।

२.७.१३ रणनीति २.६.१३. सँग सम्बन्धित (पर्यटनबाट प्राप्त लाभ समन्यायिक रूपमा वितरण गर्ने ।)

(क) पदमार्गलगायतका पर्यटकीय स्थानबाट सङ्कलित पर्यटन शुल्क, दस्तुरको निश्चित अंश वातावरण संरक्षण तथा मुन्दुम पदमार्गको नियमित मर्मत संभारमा खर्च गर्नुपर्ने व्यवस्था मिलाइनेछ ।

(ख) पर्यटन क्षेत्रबाट प्राप्त लाभमा स्थानीय समुदायको समन्यायिक सहभागिताको व्यवस्था गरिनेछ ।

(ग) पर्यटकीय गतिविधिमा स्थानीय समुदायको सहभागिता सुनिश्चित गर्दै रोजगारी र आयआर्जनका कार्यक्रममा सहभागी गराइनेछ ।

(घ) रैथाने कृषि तथा पशुपालन प्रणाली, सांस्कृतिक क्रियाकलाप तथा परम्परागत प्रविधिलाई पर्यटकीय गतिविधिसँग आवद्ध गरिनेछ ।

(ङ) पर्यटनबाट प्राप्त आम्दानीको पारदर्शी व्यवस्थापन प्रणाली लागू गरिनेछ ।

(च) समुदाय विकास कोष स्थापना गरी पर्यटन आम्दानीको निश्चित हिस्सा सामाजिक विकासमा लगानी गरिनेछ ।

२.७.१४ रणनीति २.६.१४. सँग सम्बन्धित (स्थानीय पर्यटन संस्थागत विकास गरी पर्यटन सूचना व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउने।)

(क) पर्यटन क्षेत्रको विकास व्यवस्थापन र समन्वयका लागि गाउँपालिका मातहतमा रहने गरि समावेशी पर्यटन विकास समिति गठन गरिनेछ ।

(ख) मुन्दुम पदमार्गको संरक्षण व्यवस्थापन तथा दिगो विकासका लागि पदमार्ग व्यवस्थापन समिति गठन गरिनेछ साथै पर्यटकीय क्षेत्रको फोहरमैला व्यवस्थापन सरसफाइ लगायतका कार्यहरुमा स्थानीय समुदायको अपनत्व विकास गर्न बजार व्यवस्थापन समिति र टोल विकास समितिलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

(ग) मुन्दुम पदमार्ग नियमित रेखदेख तथा संरक्षणका लागि पदमार्ग संरक्षक (Trail Warden) को व्यवस्था गरिने छ ।

(घ) टेम्केमैयुङ घुम्न आउने पर्यटकहरुको अभिलेखीकरण अनलाइन प्रणालीबाट गर्ने व्यवस्था मिलाइनेछ ।

(ङ) पर्यटन क्षेत्रको अध्ययन, अनुसन्धान एवं तथ्याङ्क तथा सूचना अद्यावधिक गरिनेछ ।

(च) स्थानीय पर्यटकीय उत्पादनहरुको दररेट निर्धारण गरिनेछ ।

(छ) पर्यटन प्रवेश शुल्क निर्धारण गरि कार्यान्वयनमा ल्याइनेछ साथै दोहोरो पर्यटन शुल्क नलिने गरि अन्तर पालिका समन्वय तथा सहकार्य गरिने छ ।

(ज) पर्यटन सूचना व्यवस्थापन प्रणाली (Tourism MIS) विकास गरी रियल-टाइम डेटा संकलन, विश्लेषण र निर्णय प्रक्रियामा प्रयोग गरिनेछ ।

(झ) पर्यटक सन्तुष्टि सर्वेक्षण (Tourist Satisfaction Survey) नियमित रूपमा सञ्चालन गरी सेवा सुधारका लागि प्रयोग गरिनेछ ।

(ञ) मुन्दुम पदमार्ग विकास कोष स्थापना तथा विकास समिति गठनका लागि संघ र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।

२.७.१५ रणनीति २.६.१५. सँग सम्बन्धित (पर्यटन सेवा व्यवस्थापनमा अन्तरतह तथा अन्तरनिकाय समन्वय गर्ने।)

(क) गाउँपालिकामा भित्रिने पर्यटकहरूको आवागमन सहजीकरणका लागि मुख्य नाकाहरूमा एकीकृत पर्यटन सेवा केन्द्रको स्थापना र सञ्चालन गरिनेछ।

(ख) पर्यटन व्यवसायको दर्ता, नवीकरण, खारेजीजस्ता प्रशासनिक सेवाको वर्गीकरण गरी संघ तथा प्रदेशसँगको समन्वय एवं सहकार्यमा सहजीकरण गरिनेछ।

(ग) पर्यटकका लागि उपलब्ध गराइने सेवा सुविधालाई गुणस्तरीय बनाउन सम्वन्धित संघीय मन्त्रालय, प्रदेश सरकार एवं अन्य पालिकासँग समन्वय गरिनेछ।

(घ) मुन्दुम पदमार्गको व्यवस्थापन तथा दिगो संचालनका लागि छिमेकी पालिकाहरुसँग समन्वय तथा सहकार्य गरिनेछ।

(ङ) अन्तरतह समन्वयका लागि नियमित समन्वय बैठक, साझा कार्ययोजना र सूचना आदान–प्रदान संयन्त्र स्थापना गरिनेछ।

(च) सेवा प्रवाहमा दोहोरोपन हटाउन 'One-Window Service System' लागू गरिनेछ।

२.७.१६ रणनीति २.६.१६. सँग सम्बन्धित सम्बन्धित (पर्यटन सेवा प्रवाह गर्ने सरकारी निकाय तथा निजी क्षेत्रका सेवाप्रदायकको संस्थागत क्षमता विकास गर्ने।)

(क) सार्वजनिक तथा निजी क्षेत्रका पर्यटन सेवामा संलग्न जनशक्तिको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

(ख) पर्यटकीय वस्तु र सेवाको गुणस्तर कायम गर्न तथा जनशक्तिको विकास गर्ने सम्बद्ध विज्ञ तथा जानकारहरूलाई परिचालन गरिनेछ।

(ग) स्थानीय पर्यटन प्रवर्द्धन गर्न स्थानीय समुदायको क्षमता विकास गरिनेछ।

(घ) होमस्टे, होटल, गोठस्टे तथा लजहरुको सेवाप्रवाहको मापदण्ड निर्धारण गरी प्रक्रियागत सरलीकरण गरिनेछ।

(ङ) स्थानीय पाठ्यक्रममा आन्तरिक पर्यटन, मुन्दुम संस्कृति र रैथाने कृषिसम्बन्धी विषय समावेश गरिनेछ। विद्यालय तथा उच्चशिक्षा अध्ययन गर्ने विद्यार्थीहरूलाई शैक्षिक पर्यटकको रूपमा आन्तरिक भ्रमण गराउन प्रोत्साहन गरिनेछ।

(च) प्रवेश विन्दुमा पर्यटकहरुको अभिलेख राख्ने व्यवस्था मिलाइनेछ।

(छ) पर्यटन क्षेत्रमा काम गर्ने जनशक्ति (पर्यटन सहयोगी, पर्यटक पथपर्दशक) को प्रमाणिकरण (Certification System) लागू गरिनेछ।

(ज) तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालनका लागि ई-लर्निङ प्लेटफर्म संचालनमा ल्याईने छ।

२.७.१७ रणनीति २.६.१७. सँग सम्बन्धित (पर्यटन योजना, निर्णय र कार्यान्वय प्रक्रियामा स्थानीय समुदायको समावेशी सहभागीता सुनिश्चित गर्ने।)

(क) पर्यटन व्यवस्थापन सम्बन्धी संस्थागत संरचनामा महिला, दलित, जनजाति, युवा तथा सीमान्तकृत समुदायको समानुपातिक र अर्थपूर्ण प्रतिनिधित्व गराईनेछ।

(ख) पर्यटन योजना तर्जुमा, कार्यान्वयन तथा निर्णय प्रक्रियामा स्थानीय समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्न सार्वजनिक परामर्श, अन्तरक्रिया र खुला बैठक प्रणाली अवलम्बन गरि सूचना प्रवाहलाई पारदर्शी बनाइनेछ।

(ग) पर्यटनबाट प्राप्त आर्थिक तथा सामाजिक लाभको न्यायोचित वितरण सुनिश्चित गर्दै विपन्न तथा सीमान्तकृत समुदायलाई प्राथमिकता दिने नीतिगत व्यवस्था अवलम्बन गरिनेछ।

(घ) सरकारी, निजी तथा सामुदायिक क्षेत्रबीच सहकार्य प्रवर्द्धन गर्दै समुदायको सहभागितामा नियमित अनुगमन तथा मूल्यांकन प्रणाली विकास गरिनेछ र प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षणमार्फत दिगो पर्यटन अभ्यासलाई सुदृढ बनाइनेछ।

(ङ) गाउँपालिकाको पर्यटन रणनीतिक योजना तयार गरी लागु गरिनेछ।

(च) समुदायस्तरमा सामाजिक लेखा परीक्षण (Social Audit) प्रणाली लागू गरिनेछ।

२.७.१८ रणनीति २.६.१८ सँग सम्बन्धित (स्थानीय बासिन्दालाई पर्यटनसँग सम्बन्धित ज्ञान, सीप र उद्यमशीलतामा सक्षम बनाउने।)

(क) स्थानीय बासिन्दालाई पर्यटनसम्बन्धी सेवा (आतिथ्य, गाइड, भाषा, सरसफाइ, सुरक्षा आदि) मा दक्ष बनाउन लक्षित तालिम, अभिमुखीकरण तथा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

(ख) पर्यटनमा आधारित साना तथा मझौला उद्यम (होमस्टे, गोठस्टे हस्तकला, स्थानीय उत्पादन, गाइड सेवा आदि) स्थापना तथा सञ्चालनका लागि वित्तिय संस्थामार्फत वित्तीय पहुँचका लागि पहल गरिनेछ।

(ग) स्थानीय कला, संस्कृति, परम्परा तथा प्राकृतिक स्रोतलाई पर्यटनसँग आबद्ध गर्दै नवप्रवर्तनमा आधारित उत्पादन तथा सेवाको विकास र प्रवर्द्धन गरिनेछ।

(घ) स्थानीय पर्यटन उत्पादन तथा सेवाको बजार पहुँच विस्तारका लागि डिजिटल प्रवर्द्धन, ब्रान्डिङ, नेटवर्किङ तथा निजी क्षेत्रसँग सहकार्य गरिनेछ।

(ङ) स्थानीय वास्तुकला, हस्तकला, कृषि तथा सांस्कृतिक उत्पादनलाई पर्यटनसँग जोड्न कोशेली घरको स्थापना गरिनेछ।

(च) युवाहरूलाई लक्षित स्टार्टअप समर्थन कार्यक्रम सञ्चालन गरी पर्यटन उद्यमशीलता प्रवर्द्धन गर्न आवश्यक समन्वय गरिनेछ।

२.७.१९ रणनीति २.६.१९ सँग सम्बन्धित (पर्यटन क्षेत्रको लाभ दायित्व र स्वामित्वलाई न्यायोचित रुपमा वितरण गर्ने।)

(क) पर्यटन पूर्वाधार तथा सेवाहरूमा स्थानीय समुदायको स्वामित्व र सह-व्यवस्थापनलाई प्रोत्साहन गर्दै सहकारी तथा सामुदायिक मोडेललाई प्राथमिकता दिइनेछ।

(ख) पर्यटन व्यवसायी तथा सरोकारवालाहरूलाई सामाजिक तथा वातावरणीय दायित्व पालन गर्न नीतिगत व्यवस्था गरिनेछ र समुदायप्रति उत्तरदायी अभ्यासलाई अनिवार्य बनाइनेछ।

(ग) स्थानीय श्रमिक, सेवा र उत्पादनको प्रयोगलाई प्राथमिकता दिइनेछ।

(घ) विपन्न तथा सीमान्तकृत समुदायलाई लक्षित लाभांश कार्यक्रम सञ्चालन गरिनेछ।

२.७.२० रणनीति २.६.२० सँग सम्बन्धित (पर्यटन पूर्वाधार, सेवा र स्रोतमा स्थानीय स्वामित्व र जिम्मेवारी बढाउने।)

(क) पर्यटन पूर्वाधार तथा सेवामा स्थानीय लगानी र स्वामित्व बढाउन कर सहुलियत, साझेदारी अनुदान तथा प्रोत्साहन गरिनेछ।

(ख) पर्यटन सम्पत्तिको संरक्षण र व्यवस्थापनमा स्थानीय समुदायको जिम्मेवारी र भुमिकामा अभिबृद्धि गरिनेछ।

(ग) स्थानीय लगानीकर्तालाई प्राथमिकता दिने 'Local First Policy' लागू गरिनेछ।

(घ) सामुदायिक स्वामित्व भएका परियोजनामा अनुगमन र मूल्यांकन प्रणाली सुदृढ गरिनेछ।

(ङ) स्थानीय बासिन्दालाई पर्यटन पूर्वाधार सञ्चालन, मर्मत तथा सेवा व्यवस्थापनसम्बन्धी सीप र ज्ञान प्रदान गरी जिम्मेवारी बहन गर्ने क्षमता अभिवृद्धि गरिनेछ।

(च) प्राकृतिक तथा सांस्कृतिक स्रोतहरूको संरक्षण गर्दै तिनको दिगो उपयोगमा समुदायको स्वामित्व र उत्तरदायित्व सुनिश्चित गरिनेछ।

२.७.२१ रणनीति २.६.२१ सँग सम्बन्धित (पर्यटन विकाससँगै स्थानीय संस्कृति र वातावरणको दिगो संरक्षण सुनिश्चित गर्ने।)

(क) स्थानीय संस्कृति, चाडपर्व, भाषा स्थानीय वास्तुकला र परम्पराको संरक्षण तथा प्रवर्द्धन गर्न स्थानिय समुदायलाई प्रोत्साहन गरिनेछ।

(ख) वातावरणमैत्री पर्यटन अभ्यास (फोहर व्यवस्थापन, प्राकृतिक स्रोत संरक्षण) लागू गरि पर्यटकीय क्षेत्रको फोहरमैला व्यवस्थापनमा स्थानीय समुदायको जिम्मेवारी तथा भुमिकामा अभिबृद्धि गर्दै दिगोपनमा आधारित पर्यटन मोडेल लागू गरिनेछ।

(ग) पर्यटक र स्थानीय बासिन्दामाझ सांस्कृतिक संवेदनशीलता तथा वातावरण संरक्षणसम्बन्धी सचेतना अभिवृद्धि गर्न नियमित अभियान तथा शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

(घ) पर्यटन गतिविधिबाट संस्कृति र वातावरणमा पर्ने प्रभावको नियमित अनुगमन तथा मूल्यांकन गर्दै आवश्यक सुधारात्मक उपाय अवलम्बन गरिनेछ।

२.७.२२ रणनीति २.६.२२ सँग सम्बन्धित सम्बन्धित (कृषि, हस्तकला तथा रैथाने उत्पादनलाई पर्यटनसँग आबद्ध गर्दै एकीकृत मूल्य श्रृंखला विकास गर्ने।)

(क) कृषि संकलन केन्द्र तथा चिस्यान केन्द्र (कोल्ड स्टोर) स्थापना गरी रैथाने उत्पादनको भण्डारण, संरक्षण र वितरण प्रणाली सुदृढ गरिनेछ।

(ख) रैथाने बाली संरक्षणका लागि अनुदान व्यवस्था लागू गरिनेछ र बीउ बैंक स्थापना गरी जैविक विविधता तथा परम्परागत कृषि प्रणालीको संरक्षण गरिनेछ।

(ग) जडीबुटीजन्य उद्योग, बाल उद्यान, प्राकृतिक सूचना केन्द्र, परम्परागत सीप–पेशा तथा हस्तकलाको संरक्षण र प्रवर्द्धन गरिनेछ तथा विश्वकर्मा संग्रहालय स्थापना गरी सांस्कृतिक तथा सीपमा आधारित पर्यटन विकास गरिनेछ।

(घ) कृषि र पर्यटनलाई जोड्ने ‘Farm to Tourism’ कार्यक्रम सञ्चालन गरिनेछ।

२.७.२३ रणनीति २.६.२३ सँग सम्बन्धित (साना तथा मझौला उद्यममार्फत स्वरोजगारी र रोजगारीका अवसर विस्तार गर्ने।)

(क) फन पार्क, मनोरञ्जन क्षेत्र, टाकुरा/थुम्का (Hill spots) जस्ता पर्यटकीय वस्तुहरूको विकासमा निजी क्षेत्रलाई आकर्षित गरिनेछ।

(ख) रैथाने सिप प्रोत्साहन तथा प्रबर्धनमार्फत स्थानीय रोजगारी अभिवृद्धि गरिनेछ।

(ग) महिला तथा युवा उद्यमीलाई लक्षित विशेष उद्यम प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

२.७.२४ रणनीति २.६.२४ सँग सम्बन्धित (महिला, दलित, जनजाति, युवा तथा विपन्न वर्गको समावेशी आर्थिक सहभागिता सुनिश्चित गरिनेछ।)

(क) स्थानीय कृषि, हस्तकला, रैथाने उत्पादन तथा पर्यटनसँग सम्बन्धित साना तथा मझौला उद्यमको स्थापना, विस्तार, गुणस्तर सुधार र मूल्य अभिवृद्धिमा प्रोत्साहन गरिनेछ।

(ख) महिला, दलित, जनजाति, युवा तथा विपन्न वर्गलाई लक्षित गरी सीपमूलक तालिम, उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गर्दै उनीहरूको आर्थिक सहभागिता सुनिश्चित गरिनेछ।

(ग) स्थानीय उत्पादनको बजार पहुँच विस्तार गर्दै पदमार्गमा आधारित पर्यटनसँग एकीकृत गरी होमस्टे, स्थानीय सेवा र उत्पादनको प्रवर्द्धन गरिनेछ।

२.७.२५ रणनीति २.६.२५ सँग सम्बन्धित (स्थानीय उत्पादन तथा सेवाको ब्रान्डिङ, बजारीकरण र गुणस्तर अभिवृद्धि गर्दै स्थानीय स्रोत, सीप र प्रविधिको उपयोगमार्फत दिगो र नवप्रवर्तनमुखी आर्थिक विकास प्रवर्द्धन गर्ने।)

(क) स्थानीय उत्पादनको बजार पहुँच विस्तार गर्न रैथाने उत्पादनको ढुवानी गर्ने व्यवस्था मिलाइनुका साथै स्थानीय मदिरा, भेडा, याक, चौरीको दुग्ध पदार्थ तथा मासुको प्रशोधन गरि व्यावसायिक रुपमा ब्रान्डिङ, प्याकेजिङ तथा व्यवस्थित बजारीकरण गर्न आवश्यक पहल गरिनेछ।

(ख) स्थानीय कृषि, हस्तकला, र रैथाने उत्पादन तथा सेवाहरूको ब्रान्डिङ, प्याकेजिङ गरि राष्ट्रिय तथा अन्तर्राष्ट्रियमा बजारमा प्रचार–प्रसार गरिनुका साथै उपभोक्ता परिचय सुनिश्चित गरिनेछ।

(ग) स्थानीय स्रोत, परम्परागत सीप र आधुनिक प्रविधिको संयोजनमार्फत दिगो उत्पादन तथा सेवाको विकास गर्दै नवप्रवर्तन, उद्यमशीलता र दीर्घकालीन आर्थिक अवसर सृजना गरिनेछ।

(घ) अन्तर्राष्ट्रिय बजार लक्षित ‘Export Promotion Strategy’ विकास गरिनेछ।

२.७.२६ रणनीति २.६.२६ सँग सम्बन्धित (पर्यटन सेवा प्रदायकहरू, स्थानीय कर्मचारी र युवाहरूको सीप, ज्ञान र व्यावसायिक क्षमतामा अभिवृद्धि गर्दै गुणस्तरीय, सुरक्षित र प्रतिस्पर्धी पर्यटन सेवा प्रवाह सुनिश्चित गर्ने।)

(क) गाउँपालिकाको संस्थागत सुदृढीकरण कार्ययोजना र क्षमता विकास कार्ययोजना बनाई लागु गरिनेछ।

(ख) आतिथ्य सेवा, भाषा सीप, गाइड तालिम, सुरक्षा तथा सरसफाइ सम्बन्धी विषयहरू समेटिएको मानकीकृत गाइड बुक (Guide book) जस्ता पाठ्यक्रम विकास गरिनेछ।

(ग)तालिम आवश्यकताको पहिचान गरि आवश्यकतामा आधारित तालिम कार्यक्रम संचालन गरिनेछ।

(घ)स्थानीय तह, निजी क्षेत्र र सरोकारवालासँग सहकार्य गरी समय–समयमा व्यावसायिक तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

(ङ) सरोकारवालासँग सहकार्य गरी व्यवहारिक र प्राविधिक सीपमा आधारित तालिम, कार्यशाला तथा इन्टर्नशिप कार्यक्रम सञ्चालन गरिनेछ।

२.७.२७ रणनीति २.६.२७ सँग सम्बन्धित (टेम्केमैयुङ गाउँपालिका भित्रका मुख्य पर्यटकीय गन्तव्यको ब्रान्डिङ र मार्केटिङका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचार–प्रसार योजना लागू गर्ने।)

(क) निजी क्षेत्र र मिडियासँग सहकार्य गरी ब्रान्ड प्रवर्द्धन तथा सुदृढ गरिनेछ ।

(ख) प्रमुख पर्यटकीय गन्तव्यहरूको पहिचान गरी एकीकृत ब्रान्डिङ रणनीति तयार गरिनेछ ।

(ग) पर्यटकीय गन्तव्यहरूको लोगो, स्लोगन, दृश्य सामग्री (फोटो/भिडियो) विकास गरि प्रचार प्रसार गरिनेछ ।

(घ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्चार माध्यममार्फत प्रचार–प्रसार अभियान सञ्चालन गरिनेछ ।

(ङ) पर्यटन प्रवर्द्धनका लागि आधिकारिक प्रचार सामग्री (ब्रोसर, डकुमेन्ट्री) तयार गरि प्रचार प्रसार गरिनेछ ।

२.७.२८ रणनीति २.६.२८ सँग सम्बन्धित (डिजिटल प्लेटफर्म, सामाजिक संजाल, पर्यटन मेला र प्रदर्शनीमार्फत स्थानीय पर्यटकीय वस्तु र गन्तव्यको व्यापक प्रवर्द्धन गर्ने।)

(क) आधिकारिक वेबसाइट तथा सामाजिक सञ्जाल पेजहरू स्थापना र नियमित अद्यावधिक गरिनेछ ।

(ख) विभिन्न वेवसाइट तथा सर्च इन्जिनहरुमा सजिलै पहँचयोग्य हुने गरि पर्यटकीय गन्तवयहरु र पर्यटकीय उत्पादनहरुको डिजिटल मार्केटिङ (SEO, social media campaigns) सञ्चालन गरिनेछ ।

(ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन मेला र प्रदर्शनीमा सहभागिता जनाईनेछ ।

(घ) स्थानीय उत्पादन र सेवाहरूको अनलाइन प्रवर्द्धन गर्न आवश्यक पहल गरिनेछ ।

(ङ) डिजिटल सामग्री (भिडियो, भर्चुअल टुर) निर्माण र प्रसारण गरिनेछ ।

२.७.२९ रणनीति २.६.२९ सँग सम्बन्धित (अन्तर्राष्ट्रिय र राष्ट्रिय पर्यटन बजारको माग र प्रवृत्तिलाई अध्ययन गर्दै टेम्केमैयुङको पर्यटन अनुभव र सेवा अनुसार अनुकूल रणनीति निर्माण गर्ने।)

(क) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन बजारको नियमित अध्ययन तथा अनुसन्धान गरिनेछ ।

(ख) नविनतम पर्यटन (इको–टुरिज्म, साहसिक पर्यटन, कथा पर्यटन हिमलयन हनि हन्टिङ आदि) अनुसार कार्यक्रम विकास गरिनेछ ।

२.७.३० रणनीति २.६.३० सँग सम्बन्धित (विदेशी र राष्ट्रिय साझेदारहरू, पर्यटन एजेन्ट र अन्तर्राष्ट्रिय संघसंस्थासँग सहकार्य गर्दै दिगो र दीर्घकालीन आर्थिक लाभ सुनिश्चित गर्ने।)

(क) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन एजेन्सीहरूसँग पर्यटन प्रवर्द्धन तथा विस्तार र विकास लागि सहकार्य गरिनेछ ।

(ख) अन्तर्राष्ट्रिय संघसंस्था तथा दातृ निकायसँग साझेदारी विस्तार गरिनेछ ।

(ग) निजी क्षेत्रसँग सहकार्य गरी लगानी तथा पूर्वाधार विकास प्रवर्द्धन गर्न जोड दिइनेछ ।

(घ) संयुक्त पर्यटन प्रवर्द्धन कार्यक्रम तथा प्याकेजहरू विकास गरि पर्यटकहरुलाई आकर्षित गरिनेछ ।

(ङ) सहकार्य कार्यक्रमहरूको नियमित अनुगमन र मूल्याङ्कन गरि सुधार गर्दै लगिनेछ ।

# परिच्छेद-३ : नीति कार्यान्वयन

## ३.१ संस्थागत व्यवस्था

### ३.१.१ गाउँपालिका पर्यटन विकास समिति

यस नीतिको कार्यान्वयनका लागि मार्गदर्शन गर्न, अन्तरनिकाय तथा अन्तरतह समन्वय गर्न गाउँपालिकाको अध्यक्षको अध्यक्षतामा अनुसूची-१, बमोजिमको गाउँपालिका पर्यटन विकास समिति गठन हुनेछ । समितिको बैठक वर्षमा कम्तीमा तीन पटक बस्ने र समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्नेछ । समितिले बैठकमा आवश्यकतानुसार विषय विज्ञ र सरोकारवाला निकायलाई आमन्त्रण गर्न र खास उद्देश्यको लागि विषयगत उपसमिति गठन गर्न सक्नेछ । गाउँपालिका भित्रक पदमार्ग तथा पर्यटकीय क्षेत्र र संरचनाहरुको निर्माण, मर्मत, सरसरफाई तथा व्यवस्थापन गर्नका लागि वडास्तरमा वडा पर्यटन समन्वय समिति, टोल विकास समिति, वजार व्यवस्थापन समिति, लगायतका स्थानीय समितिहरु बनाउन सक्नेछ । उक्त समितिहरुको कार्यविधि तोकिए बमोजिम हुनेछ ।

गाउँपालिका स्तरमा पर्यटन प्रशासन गर्ने इकाइको रूपमा वन तथा वातावरण शाखा अन्तर्गत गाउँपालिका पर्यटन इकाई रहनेछ । पर्यटन प्रशासनसम्बन्धी कार्यमा गाउँपालिकाभित्रका अन्य शाखाहरु र वडा कार्यालयहरुले आवश्यक सहयोग गर्नेछन् । यी निकायहरूबाट पर्यटनसम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, समीक्षा तथा समन्वयलगायतका कार्यसम्पादन हुनेछन् ।

## ३.२ कानूनी व्यवस्था

(क) पर्यटन क्षेत्रका नीतिगत र कानुनी व्यवस्थामा समयसापेक्ष सुधार गरिनेछ ।

(ख) संघ र प्रदेशका पर्यटन क्षेत्रका नीति तथा कानून र विषय क्षेत्रगत नीति तथा कानूनविच सामञ्जस्यता कायम गरिनेछ ।

(ग) यस नीति कार्यान्वयनका लागि आवश्कतानुसार पर्यटनसँग सम्बन्धित विषयगत कानूनहरुको तर्जुमा गरिनेछ ।

## ३.३ वित्तीय व्यवस्था

यस नीति कार्यान्वयनका लागि गाउँपालिकाले आन्तरिक श्रोतका साथै संघ र प्रदेश सरकारबाट प्राप्त हुने स्रोत परिचालन गर्नेछ । पर्यटन पूर्वाधार निर्माण तथा सेवा वितरणमा विदेशी लगानी आकर्षित गर्न संघ सरकारसँग आवश्यक समन्वय गरिनेछ । पर्यटकीय पूर्वाधार र सेवाको विकास तथा विस्तार कार्यको लागि निजी लगानी प्रोत्साहित गरिनेछ । यस्तो लगानीलाई स्थानीय पर्यटन पुर्वाधार तथा पर्यटन सेवा प्रवर्द्धन गर्न प्राथमिकता दिइनेछ । सार्वजनिक निजी साझेदारी (PPP) मार्फत लगानी प्रोत्साहन गरिनेछ । प्राथमिकता र आवश्यकताका आधारमा संघ र प्रदेश सरकार र छिमेकी पालिकाका साथै वित्तिय संस्था र सामुदायिक क्षेत्रबाट समेत लगानी परिचालन हुने व्यवस्था मिलाईनेछ ।

## ३.४ नीति कार्यान्वयनमा गाउँपालिकाको भुमिका

टेम्केमैयुङ गाउँपालिकाले सङ्घीय र प्रदेशको नीति अनुकूल स्थानीयस्तरमा पर्यटन पूर्वाधार निर्माण, सञ्चालन तथा विकास; पर्यटन प्रशासन तथा स्थानीयस्तरका पर्यटकीय सङ्घसंस्थाको नियमन र समन्वयः पर्यटन विकास र प्रवर्द्धनः स्थानीयस्तरमा निजी क्षेत्रसँग समन्वय तथा सहकार्य गर्नेछ । स्थानीय तहको अधिकारक्षेत्रभित्रको विषय पर्यटन शुल्क, स्थानीय पर्यटकीय बस्तु तथा पूर्वाधारको पहिचान र विकासमा गाउँपालिकाले आवश्यक नीति कानूनहरुको तर्जुमा गरि लगानीको वातावरण निर्माण गर्नेछ ।

यस नीतिको कार्यान्वयनको लागि तीनै तहका सरकारहरु र अन्तरपालिका समन्वय कायम गरिनेछ। अनुसूची-१, बमोजिम गठित समितिलेले नीतिगत समन्वय र सामन्जस्यता कायम गर्नेछ ।

## ३.५ जोखिम पहिचान र व्यवस्थापन

### ३.५.१ सम्भावित जोखिम

पर्यटन क्षेत्रको विकासका लागि बावश्यक स्रोत व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन तथा प्रभावको न्यूनीकरण, विभिन्न प्राकृतिक विपद् तथा महामारीको व्यवस्थापन, प्रविधिगत प्रणालीको दिगो सञ्चालन, प्रभावकारी अन्तरतह तथा अन्तरनिकाय समन्वय जस्ता विषयहरु सम्भावित जोखिमको रूपमा रहेका छन्।

### ३.५.२ जोखिम व्यवस्थापन

स्रोत परिचालनका लागि सार्वजनिक निजी साझेदारी प्रोत्साहन, जलबायु अनुकूलनका लागि स्थानीय अनुकूलन योजना तर्जुमा गरी सरोकारवालासँगको समन्वयमा कार्यान्वयन गर्नेः विपद पूर्व सूचना प्रणाली, जलवायु वित्त तथा न्याय एवं नवीनतम प्रविधि र विद्युतीय सुरक्षाको अवलम्बन गरी जोखिम व्यवस्थापन गरिनेछ।

## ३.६ अनुगमन, मूल्याङ्कन तथा नीति पुनरावलोकन

टेम्केमैयुङ गाउँपालिकाले यस नीति कार्यान्वयनको सूचक तयार गरी अनुगमन गर्नेछ। अनुगमनको क्रममा गाउँपालिकाको अनुगमन तथा मूल्याङ्कन कार्यविधिलाई समेत आधारको रूपमा लिइनेछ। गाउँपालिकाले नीति कार्यान्वयनको वार्षिक प्रगत्ति प्रतिवेदन वेबसाइटमार्फत सार्वजनिक गर्नेछ। विभिन्न क्षेत्रका सरोकारवालहरुको सहभागितामा वार्षिक रूपमा नीति कार्यान्वयनको समीक्षा गाउँपालिकाले गर्नेछ।

## ३.७ नीति कार्यान्वयन

यस नीतिमा उल्लेखित कार्यनीतिहरु कार्यान्वयनका लागि अनुसूची-२ बमोजिमको नीति कार्यान्वयन कार्ययोजना रहनेछ।

## ३.८ विविध

यस नीतिमा उल्लिखित ध्येय लक्ष्य उद्देश्य रणनीतिहरु र कार्यनीतिहरू कार्यान्वयनका लागि गाउँपालिकाले आवश्यक ऐन, नियम, कार्यविधि, निर्देशिका बनाई लागु गर्न सक्नेछ।

## ३.९ अनुसूची

# अनुसूची-१

**(दफा ३.१ को उपदफा ३.१.१ सँग सम्बन्धित)**

**<u>गाउँपालिका पर्यटन विकास समितिको गठन</u>**

| | | |
|---|---|---|
| १ | गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| २ | गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४ | सामाजिक विकास समितिको संयोजक | सदस्य |
| ५ | आर्थिक विकास समितिको संयोजक | सदस्य |
| ६ | पालिका स्तरीय उद्योग वाणिज्य संघको अध्यक्ष | सदस्य |
| ७ | होमस्टे सञ्चालन तथा व्यवस्थापन समितिको अध्यक्ष | सदस्य |
| ८ | आर्थिक प्रशासन शाखा | सदस्य |
| ९ | पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख | सदस्य |
| १० | योजना शाखा प्रमुख | सदस्य |
| ११ | सामाजिक विकास शाखा प्रमुख | सदस्य |
| १२ | कार्यपालिका सदस्य एक जना महिला | सदस्य |
| १३ | पर्यटन इकाई प्रमुख | सदस्य सचिव |

अनुसूची-२

(दफा ३.७ सँग सम्बन्धित)

## नीति कार्यान्वयन कार्ययोजना

| क्र.स. | क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १ | पर्यटन विकास समिति गठन गर्ने | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | ३ महिना | समिति गठन भएको हुने। |
| २ | पर्यटन विकास समितिको बैठक बस्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | पहिलो बैठक बसेको हुने। |
| ३ | पालिकाभित्र उपलब्ध पर्यटकीय सम्भाव्यताका वस्तु तथा सेवाका बारेमा खोज, अध्ययन तथा अनुसन्धान गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | नयाँ पर्यटकीय वस्तुको पहिचान र विवरण तयार भएको हुने। |
| ४ | स्थानीय सांस्कृतिक सम्पदा, भाषा, कला, साहित्य तथा वास्तुकला र स्थानीय खानाको खोज, अन्वेषण तथा संरक्षण गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | स्थानीय सांस्कृतिक सम्पदा, भाषा, कला, साहित्य तथा वास्तुकला र स्थानीय खानाको खोज, अन्वेषण तथा संरक्षण भएको हुने |
| ५ | पर्यटन क्षेत्रको अध्ययन, अनुसन्धान तथा विकासका लागि स्वदेश तथा विदेशका विश्वविद्यालय र अनुसन्धान केन्द्रहरुसँग समन्वय तथा सहकार्य गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार, विश्व विद्यालयहरु अनुसन्धान संस्थाहरु | २ वर्ष | अध्ययन अनुसन्धान भइ पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने । |
| ६ | गाउँपालिका भित्रका प्रमुख पर्यटकीय गन्तव्यको वर्गिकरण सहितको डिजिटल वस्तुगत विवरण (Profile) तयार गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार, गैरसरकारी संस्था, दातृ निकायहरु | ३ वर्ष | डिजिटल प्रोफाईल तयार भएको हुने । |
| ७ | स्थानीय ज्ञान र परम्परागत अभ्यासलाई अनुसन्धान गरि रैथाने खाना तथा पहिरन, रैथाने कृषि अभ्यास र लोककलाको व्यवसायीकरण गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | २ वर्ष | स्थानीय ज्ञान र परम्परागत अभ्यासलाई अनुसन्धान प्रक्रियामा समावेश गरी रैथाने नीति निर्माण भइ रैथाने खाना तथा पहिरन, रैथाने कृषि अभ्यास र लोककलाको व्यवसायीकरण भएको हुने। |
| ८ | पदमार्गमा संचालनमा रहेका र संचालन हुने होमस्टे, चियाघर, गुफाबास, | टेम्केमैयुङ | संघ र प्रदेश सरकार | निरन्तर | कानून सम्मत रुपमा संचालन भइ |

| | | | | | |
|---|---|---|---|---|---|
| | वनबास, छाप्रीबास, गोठस्टेहरुलाई प्रोत्साहन गर्ने। | गाउँपालिका | | | प्रोत्साहन प्राप्त भएको हुने । |
| ९ | लोपोन्मुख पर्व, जात्रा, चाडपर्व लगायतका सांस्कृतिक तथा धार्मिक परम्पराहरुको संरक्षण गर्दै पर्यटक लक्षित महोत्सवको आयोजना गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | जात्रा पर्व र महोत्सवको आयोजना भई सामाजिक एकतामा विकास भएको हुने । |
| १० | टेम्केमैयुङ गाउँपालिका मुन्दुम पदमार्गलाई खेल पर्यटन गन्तव्य, वैवाहिक समारो गन्तव्य, हिमाल अवलोकन गन्तव्य, बनभोज गन्तव्य, विदा मनाउने गन्तव्यका रुपमा विकास गर्ने । | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | २ वर्ष | सामाजिक सदभाव र भातृत्वको विकास हुनुका साथै प्रकृति संरक्षणको चेतनामा बृद्धि भएको हुनेछ। |
| ११ | पुरातात्विक, ऐतिहासिक, धार्मिक र सांस्कृतिक सम्पदाहरुको संरक्षण सम्बर्द्धन र विकास गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | पुरातात्विक, ऐतिहासिक, धार्मिक र सांस्कृतिक सम्पदाहरुको संरक्षण सम्बर्द्धन र विकास हुनुका साथै यसको महत्व र ऐतिहासिक ज्ञान बृद्धि भएको हुने। |
| १२ | स्थानीय कला, संस्कृति, साहित्य र वास्तुकलाको जगेर्ना गर्न संघ, प्रदेश र अन्तर पालिका तथा विकास साझेदारहरुसँग समन्वय गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | समन्वय समित निर्माण भइ स्थानीय कला, संस्कृति, साहित्य र वास्तुकलाको जगेर्ना भएको हुने । |
| १३ | पदयात्रा तथा साहसिक पर्यटकीय गतिविधि सञ्चालन गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | ट्रेल रेस, हनि हन्टिङ, स्काई रेस, पारागलाइडिङ जस्ता साहसिक पर्यटकीय गतिविधि सञ्चालन भएको हुने । |
| १४ | पर्यटकीय गन्तव्यमा न्यूनतम सेवा मापदण्ड (Minimum Service Standards) लागू गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | २ वर्ष | पर्यटकीय गन्तव्यमा न्यूनतम सेवा मापदण्ड तयार भइ कार्यान्वयन भएको हुने । |
| १५ | डिजिटल गाइड, सूचना केन्द्र र स्मार्ट पर्यटन सेवा विकास गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | २ वर्ष | सूचना केन्द्र संचालनमा आएको हुने । |
| १६ | परम्परागत तथा प्राकृतिक चिकित्सा, ध्यान, योग र आरोग्य (Wellies) पर्यटनको प्रवर्द्धन गर्न सम्बन्धित सघसंस्थासँग सहकार्य गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | परम्परागत तथा प्राकृतिक चिकित्सा, ध्यान, योग र आरोग्य (Wellies) पर्यटनको प्रवर्द्धन गर्न सम्बन्धित सघसंस्थासँग सहकार्य भएको हुने । |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | धार्मिक पर्यटकीय गन्तव्यहरुलाई परिपथको रूपमा विकास गरी पर्यटनको प्रवर्द्धन गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | सबै पर्यटकीय क्षेत्रको समान विकास भएको हुने । |
| १८ | स्वास्थ्य सेवा प्रदायक संस्थाको गुणस्तर र क्षमता वृद्धि गरी पदमार्ग तथा पर्यटकीय क्षेत्रमा स्वास्थ्य सेवाको विस्तार गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार, स्वास्थ्य सेवा प्रदायक संस्था र निजी क्षेत्र | निरन्तर | आधारभुत तथा प्राथमिक स्वास्थ्य सेवा संचालन भएको हुने । |
| १९ | मौलिक तथा रैथाने खानपानको राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रवर्द्धन गर्न प्रोत्साहन गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार, नेपाल पर्यटन बोर्ड | निरन्तर | मौलिक तथा रैथाने खानपानको राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा डिजिटल माध्यामबाट सूचना प्रवाह भएको हुने । |
| २० | बहुमौसमी पर्यटनको प्रवर्द्धन गर्न गाउँपालिका भित्रका महत्त्वपूर्ण जात्रा, उत्सव, महोत्सवहरूको वार्षिक पात्रो निर्माण गर्ने । | टेम्केमैयुङ गाउँपालिका | पर्यटन विभाग, नेपाल पर्यटन बोर्ड | निरन्तर | वार्षिक पात्रो निर्माइ भइ ऋतु अनुसारको पर्यटन प्रवर्द्धन भएको हुने । |
| २१ | नयाँ विषयगत पर्यटन (जस्तैः कृषि, शिक्षा, संस्कृति) विकास गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार, नेपाल पर्यटन बोर्ड | ५ वर्ष | विषयगत पर्यटन विकास हुनुका साथै रैथाने ज्ञान सीपको प्रवर्द्धन भएको हुने। |
| २२ | युवा लक्षित साहसिक तथा डिजिटल अनुभवमा आधारित पर्यटन प्याकेज विकास गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार, नेपाल पर्यटन बोर्ड | २ वर्ष | पर्यटन प्याकेज विकास भएको हुने । |
| २३ | टेम्केमैयुङ गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रूपमा प्रस्तुत गर्न प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा साहसिकलगायतका पर्यटकीय बस्तुको ब्रान्डिङ गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार, नेपाल पर्यटन बोर्ड | निरन्तर | रैथाने तथा पर्यटन उत्पादनको ब्रान्डिङ भएको हुने । |
| २४ | संघ, प्रदेश र अन्तर स्थानीय तहको साझेदारीमा व्यवसायिक पर्यटन (बैठक, सभा,सम्मेलन, प्रदर्शनी, प्रोत्साहन, भ्रमण) का लागि टेम्केमैयुङ उत्कृष्ट गन्तव्य रहेको सन्देश श्रव्यदृष्य सामाग्री मार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रय बजारमा प्रवाह गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार, नेपाल पर्यटन बोर्ड | निरन्तर | श्रव्यदृष्य सामाग्री मार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रय बजारमा सन्देश प्रवाह भएको हुने । |
| २५ | आधिकारिक पर्यटन वेबसाइट र मोबाइल एप विकास गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार, नेपाल पर्यटन बोर्ड | ५ वर्ष | पर्यटन वेबसाइट र मोबाइल एप विकास भएको हुने। |
| २६ | अन्तर्राष्ट्रिय विकास साझेदार, विभिन्न मुलुकमा रहेका गैरआवासीय नेपाली र निजी क्षेत्रको समेत सहभागिता र सहलगानीमा विभिन्न पर्यटन | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार, नेपाल पर्यटन बोर्ड | निरन्तर | लगानीकर्ता आकर्षित भई पर्यटन प्रवर्द्धनमा सहकार्य भएको हुने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | मेला, महोत्सव, गन्तव्य प्रवर्द्धनका गतिविधिहरू सञ्चालन गर्ने। | | | | |
| २७ | सार्वजनिक-निजी-सामुदायिक साझेदारी (PPCP) मोडेललाई प्रवर्द्धन गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार र निजी क्षेत्र | निरन्तर | बहुपक्षीय लगानीमा उन्नत पर्यटन विकास तथा प्रवर्द्धन भएको हुने। |
| २८ | पर्यटनसँग सम्बन्धित संघीय, प्रदेश र अन्तर तहका निकायहरु र निजी क्षेत्रसँग पर्यटन विकासका लागि समन्वय र सहकार्य गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार अन्य स्थानीय तह र निजी क्षेत्र | निरन्तर | पर्यटन विकास कोषको स्थापना भएको हुने। |
| २९ | ट्राभल्स तथा टुर्स सञ्चालक, होमस्टे संचालक र होटल लगायतका पर्यटन सेवाप्रदायकसँगको साझेदारी र सहकार्यमा कोशेली घर, मेला, प्रदर्शनी, गन्तव्य प्रवर्द्धन लगायतका कार्यक्रम सञ्चालन गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार, नेपाल पर्यटन बोर्ड र निजी क्षेत्र | निरन्तर | स्थानीय उत्पादनहरु बाह्य बजारमा विक्री वितरण भई स्थानीय समुदायको आर्थिक उपार्जनमा सुधार भएको हुने। |
| ३० | पर्यटन क्षेत्रमा आवश्यक जनशक्ति विकासका लागि राँष्ट्रिय तथा प्रादेशिक पर्यटन सेवा प्रदायकसँग सहकार्य गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | दक्ष जनशक्ती उत्पादन भएको हुने। |
| ३१ | पर्यटन सेवा प्रदायकहरूको दर्ता, मापदण्ड र अनुगमन प्रणाली स्थापना गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार, नेपाल पर्यटन बोर्ड र निजी क्षेत्र | निरन्तर | अनुगमन समिति गठन भइ पर्यटन सेवा प्रदायकहरूको दर्ता, मापदण्ड र अनुगमन प्रणाली स्थापना भएको हुने। |
| ३२ | सेवा प्रदायकबीच नेटवर्किङ प्लेटफर्म स्थापना गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार, नेपाल पर्यटन बोर्ड र निजी क्षेत्र | निरन्तर | सेवा प्रदायकबीच नेटवर्किङ प्लेटफर्म स्थापना भएको हुने। |
| ३३ | यात्रा उत्प्रेरणा बिदा (Travel Incentive Leaves), प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक स्थलहरूको भ्रमण, शैक्षिक भ्रमण र अध्ययन अबलोकन भ्रमण, बुढौली पर्यटन, MICE (Meetings, Incentives, Conferences, and Exhibitions Tourism) जस्ता विशेष सहुलियतसहितका स्किमहरू कार्यान्वयनमा ल्याईनुका साथै यस्ता पर्यटकीय स्थलहरुको विकास र विस्तार गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | पर्यटकीय भ्रमण प्याकेजको बृद्धि भइ प्रयोगमा आएका हुने। |
| ३४ | आन्तरिक पर्यटकीय बस्तुको प्रवर्द्धनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार र निजी क्षेत्र | निरन्तर | आन्तरिक पर्यटन प्रवर्द्धन भएको हुने। |
| ३५ | स्थानीय कला, संस्कृति, शिल्पकला, हस्तकला र रैथाने खानपान प्रवर्द्धनका लागि मेला, महोत्सव, प्रदर्शनी, ट्रेल रेस, चित्रकला प्रदर्शनी, | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार र निजी क्षेत्र | निरन्तर | रैथाने ज्ञान सीपको निरन्तर विकास भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| | सांस्कृतिक सम्मेलन जस्ता कार्यक्रम सञ्चालन गर्ने। | | | | |
| ३६ | आन्तरिक पर्यटन प्रवर्द्धनका लागि विद्यालय, कलेज, सरकारी तथा निजी संस्थासँग सहकार्य गरी "घुमौँ टेम्केमैयुङ" अभियान सञ्चालन गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार र निजी क्षेत्र | निरन्तर | पर्यटकको संख्या बृद्धि भएको हुने। |
| ३७ | पदमार्गमा खानेपानी, शौचालय, प्रतिक्षालय, बास बस्ने व्यवस्था लगायतका आधारभुत पुर्वाधारहरुको निर्माण गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | आधारभुत पुर्वाधारको विकास निर्माण भई निरन्तर मर्मत संभार भएको हुने। |
| ३८ | सार्वजनिक र निजी क्षेत्रबाट पर्यटकीय स्थलमा निर्माण हुने पूर्वाधारको गुणस्तर र सुरक्षा मापदण्ड निर्धारण गरी सोको अनिवार्य पालना गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | १ वर्ष | पूर्वाधारको गुणस्तर र सुरक्षा मापदण्ड निर्धारण भएको हुने। |
| ३९ | पर्यटक प्रहरी भर्ना गरी प्रभावकारी रुपमा पर्यटकको तत्काल खोज तथा उद्धार गर्न पर्यटक सहायता केन्द्रको स्थापना गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | १ वर्ष | पर्यटक सहायता केन्द्रको स्थापना भएको हुने । |
| ४० | स्मार्ट पूर्वाधार (Wi-Fi, डिजिटल साइन बोर्ड, QR सूचना प्रणाली) विकास गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | ५ वर्ष | स्मार्ट पूर्वाधार विकास भएको हुने । |
| ४१ | अपाङ्गमैत्री तथा पहुँचयोग्य (Accessible) पूर्वाधार निर्माणलाई प्राथमिकता दिने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | दिव्याङ्गमैत्री तथा पहुँचयोग्य (Accessible) पूर्वाधार निर्माण भएका हुने। |
| ४२ | पर्यटकीय स्थलहरूको सुरक्षा व्यवस्था सदृढ बनाउनुका साथै पर्यटकीय स्थलसम्म पुग्ने यातायात पूर्वाधारको स्तरोन्नति गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | यातायातका साधनको सुरक्षा र स्तर बृद्धि भएको हुने। |
| ४३ | निजी क्षेत्रले प्रदान गर्ने पर्यटकीय सेवामा पदयात्रा (Trekking) लाई व्यवस्थित तबरले आबद्ध गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | १ वर्ष | पर्यटकीय सेवामा पदयात्रा व्यवस्थित भएको हुने । |
| ४४ | स्थानीय समुदाय र सम्वद्ध संघसंस्थाको समन्वय र सहकार्यमा मुन्दुम पदमार्गमा आवश्यकतानुसारको सङ्केत चिन्ह व्यवस्थित गर्नुका साथै पदयात्रा मार्गको सुरक्षा र सरसफाइको व्यवस्था सुनिश्चित गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | १ वर्ष | सरसफाईको व्यवस्था सुनिश्चित भएको हुने । |
| ४५ | पर्यटन सेवा क्षेत्रलाई प्रवर्द्धन गर्न कानूनबमोजिम आवश्यक अनुदान, छुट, सहुलियत, प्रोत्साहन तथा सुविधा उपलब्ध गराउने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | पर्यटन सेवा क्षेत्रलाई प्रवर्द्धन गर्न सहयोग पुगेको हुने । |
| ४६ | बहुभाषिक सूचना, गाइड सेवा र डिजिटल नेभिगेसन प्रणाली विकास गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | ३ वर्ष | प्रणालीको विकास भएको हुने । |
| ४७ | गाउँपालिका क्षेत्र भित्र पर्यटकीय पुर्वाधारहरु निर्माण र सन्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | निजी क्षेत्रको लगानीमा पर्यटकीय पुर्वाधार निर्माण भएका हुने । |
| ४८ | गाउँपालिकाभित्र खेल पर्यटन प्रवर्द्धन गर्न सार्वजनिक-निजी साझेदारीमा | टेम्केमैयुङ | संघ र प्रदेश सरकार | निरन्तर | सार्वजनिक-निजी साझेदारीमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | खेलकुद पूर्वाधारमा लगानी आकर्षित गर्ने। | गाउँपालिका | | | खेलकुद पूर्वाधारमा लगानी आकर्षित भएको हुने |
| ४९ | मुन्दुम पदमार्गमा निर्माण भएका परिधीय संरचानहरु र पदमार्गको नियमित मर्मत संभारको व्यवस्था गर्नुका साथै फोहरमैला व्यवस्थापनका लागि डस्टविनहरु राख्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | १ वर्ष | परिधीय संरचनाहरु नियमित मर्मत संभार र फोहरमैला व्यवस्थापन भएको हुने। |
| ५० | पिकनिक स्पट, दृश्यावलोकन पोइन्ट, जंगली पार्क लगायतका संरचनाहरुको निर्माण गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | पिकनिक स्पट, दृश्यावलोकन पोइन्ट, जंगली पार्क व्यवस्थित भएको हुने |
| ५१ | स्थानीय बाँस, काठ र माटोका सामाग्रीहरु, दुना, टपरी जस्ता स्थानीय सामाग्रीहरुको उत्पादन र प्रयोगका लागि प्रोत्साहन गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | स्थानीय पर्यटकीय सामाग्रीहरुको उत्पादन भएको हुने। |
| ५२ | पर्यटन क्षेत्रमा लगानी आकर्षित गर्न लगानी सम्मेलनको आयोजना गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | २ वर्ष | लगानी सम्मेलनको आयोजना भएको हुने। |
| ५३ | पर्यटकीय गन्तव्य स्थललाई बातावरणमैत्री बनाउदै पर्यटक तथा सेवाप्रदायकको आचारसंहिता बनाइ लागु गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | १ वर्ष | आचारसंहिता तयार भएको हुने। |
| ५४ | हरित अर्थतन्त्र तथा पर्यापर्यटनको मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याउने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | १ वर्ष | मापदण्ड तर्जुमा भएको हुने। |
| ५५ | दुर्लभ र लोपोन्मुख पशुपन्क्षी रेडपाण्डा रहेका स्थलहरूको पहिचान गरी खुला चिडियाखाना, बनस्पति उद्यान जस्ता विशिष्ट पारिस्थितिकीय प्रणालीको संरक्षण (in-situ conservation), संवर्द्धन र प्रदर्शन स्थलको रूपमा बिकास गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | २ वर्ष | अध्ययन अनुसन्धान भएको हुने। |
| ५६ | वातावरणीय प्रदुषणको प्रभावलाई न्यूनीकरण गर्न जिम्मेवार पर्यटन (Responsible Tourism) लाई प्रोत्साहन गरिनुका साथै हरित पदमार्ग, सफा पदमार्ग जस्ता अभियान संचालन गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | सफा पदमार्गको आकांक्षा पुरा भएको हुने। |
| ५६ | पर्यटन क्षेत्र सम्बद्ध जलवायु अनुकूलनका लागि स्थानीय अनुकूलन योजना तर्जुमा गरी कार्यान्वयन गर्न सम्बद्ध निकायसँग समन्वय गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | २ वर्ष | स्थानीय अनुकूलन योजना तर्जुमा भएको हुने। |
| ५८ | फोहोर व्यवस्थापन (Reduce, Reuse, Recycle) प्रणाली अनिवार्य रूपमा लागू गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | २ वर्ष | फोहरमैलाको उचित व्यवस्थापन भएको हुने। |
| ५९ | नवीकरणीय ऊर्जा, गोबर गुईठा (सौर्य, बायु) प्रयोगलाई पर्यटन क्षेत्रमा प्रोत्साहन गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | नवीकरणीय उर्जा पर्यटन क्षेत्रमा प्रयोग भएको हुने। |
| ६० | जलवायु परिवर्तनबाट पर्यटकीय सम्पदामा पर्न सक्ने जोखिम र प्रभाव | टेम्केमैयुङ | संघ र प्रदेश सरकार | निरन्तर | स्थानीय समुदायको जनचेतना |

| | | | | | |
|---|---|---|---|---|---|
| | न्यूनीकरणका बारेमा स्थानीय समुदायको जनचेतना अभिबृद्धि गर्ने। | गाउँपालिका | | | अभिबृद्धि भएको हुने । |
| ६१ | स्थानीय समुदायसँगको समन्वयमा पर्यटकीय क्षेत्रमा बातावरण अनुकूलनका क्रियाकलाप सञ्चालन गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | बातावरण अनुकूलनका क्रियाकलाप सञ्चालन भएका हुने |
| ६२ | पर्यटकहरूका साथमा जाने पथप्रदर्शक र सहयोगीलाई वातावरण संरक्षणसम्वन्धी तालिम तथा अभिमुखीकरण प्रदान गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | पथप्रदर्शक र सहयोगीलाई वातावरण संरक्षणसम्वन्धी तालिम तथा अभिमुखीकरण भएको हने |
| ६३ | निजी क्षेत्र तथा सरोकारवालासँगको सहकार्यमा पर्यटकीय क्षेत्रमा विपद् र महामारीको कारण आमसमुदायलाई हुने जोखिमबाट सुरक्षित राख्न जोखिम न्यूनीकरण तथा उद्धार कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | १ वर्ष | जोखिम न्यूनीकरण तथा उद्धार कार्ययोजना तर्जुमा भएको हुने । |
| ६४ | पर्यटकीय क्रियाकलाप सञ्चालन गर्दा स्थानीय परम्परा, संस्कृति र जीवनशैलीको सम्मान तथा संरक्षण गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | स्थानीय परम्परा, संस्कृति र जीवनशैलीको सम्मान तथा संरक्षण भएको हुने । |
| ६५ | जलवायु जोखिम नक्साङ्कन (Risk Mapping) गरी संवेदनशील क्षेत्रहरूको पहिचान गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | १ वर्ष | संवेदनशील क्षेत्रहरूको पहिचान भएको हुने । |
| ६६ | पूर्वसूचना प्रणाली (Early Warning System) स्थापना गरी विपद् जोखिम न्यूनीकरण गर्न पहल गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | १ वर्ष | पूर्व सूचना प्रणाली स्थापना भएको हुने । |
| ६७ | पदमार्गलगायतका पर्यटकीय स्थानबाट सङ्कलित पर्यटन शुल्क, दस्तुरको निश्चित अंश वातावरण संरक्षणमा खर्च गर्नुपर्ने व्यवस्था मिलाउने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | १ वर्ष | स्थानीय वातावरण संरक्षण कोषको स्थापना भएको हुने । |
| ६८ | पर्यटन क्षेत्रबाट प्राप्त लाभमा स्थानीय समुदायको समन्यायिक सहभागिताको व्यवस्था गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | समन्यायिक सहभागीता भएको हुने । |
| ६९ | पर्यटकीय गतिविधिमा स्थानीय समुदायको सहभागिता सुनिश्चित गर्दै रोजगारी र आयआर्जनका कार्यक्रममा सहभागी गराउने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | आयआर्जन बृद्धि भएको हुने । |
| ७० | रैथाने कृषि प्रणाली, सांस्कृतिक क्रियाकलाप तथा परम्परागत प्रविधिलाई पर्यटकीय गतिविधिसँग आवद्ध गर्ने । | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | पर्यटकहरु संख्यामा बृद्धि भएको हुने । |
| ७१ | मुन्दुम पदमार्गको संरक्षण व्यवस्थापन तथा दिगो विकासका लागि पदमार्ग व्यवस्थापन समिति गठन गर्ने साथै पर्यटकीय क्षेत्रको फोहरमैला व्यवस्थापन सरसफाइ लगायतका कार्यहरुमा स्थानीय समुदायको अपनत्व विकास गर्न स्थानीय व्यवसायी, बजार व्यवस्थापन समिति र | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | १ वर्ष | पदमार्ग व्यवस्थापन समिति गठन भएको हुने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | टोल विकास समितिलाई प्रभावकारी रुपमा परिचालन गर्ने। | | | | |
| ७२ | स्थानीय समुदाय, बजार व्यवस्थापन समितिको समन्वयमा टेम्केमैयुङ घुम्न आउने पर्यटकहरुको अभिलेखीकरण अनलाइन प्रणालीबाट गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | पर्यटकहरुको अभिलेखीकरण भएको हुने । |
| ७३ | स्थानीय पर्यटकीय उत्पादनहरुको दररेट निर्धारण गर्ने र पर्यटन प्रवेश शुल्क निर्धारण गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | १ वर्ष | दररेट र शुल्क निर्धारण भएको हुने । |
| ७४ | पर्यटन सूचना व्यवस्थापन प्रणाली (Tourism MIS) विकास गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | ३ वर्ष | पर्यटन सूचना व्यवस्थापन प्रणाली विकास भएको हुने। |
| ७५ | पर्यटक सन्तुष्टि सर्वेक्षण (Tourist Satisfaction Survey) नियमित रूपमा सञ्चालन गरी सेवा सुधारका लागि प्रयोग गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | पर्यटक सन्तुष्टि सर्वेक्षण भई सेवमा सुधार भएको हुने । |
| ७६ | पालिकामा भित्रिने पर्यटकहरूको आवागमन सहजीकरणका लागि मुख्य नाकाहरूमा एकीकृत पर्यटन सेवा केन्द्रको स्थापना र सञ्चालन गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | १ वर्ष | पर्यटन सेवा केन्द स्थापना भई सेवा सुचारु भएको हुने । |
| ७७ | पर्यटन व्यवसायको दर्ता, नवीकरण, खारेजीजस्ता प्रशासनिक सेवाको वर्गीकरण गरी संघ तथा प्रदेशसँग समन्वय एवं सहकार्य गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | १ वर्ष | प्रशासनिक सेवाको वर्गिकरण गरी नियमानुसार कार्य भएको हुने । |
| ७८ | पर्यटकका लागि उपलब्ध गराइने सेवा सुविधालाई गुणस्तरीय बनाउन सम्वन्धित संघीय मन्त्रालय, प्रदेश सरकार एवं अन्य पालिकासँग समन्वय गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | समन्वय गरी सेवामा सुधार भएको हुने । |
| ७९ | मुन्दुम पदमार्गको व्यवस्थापन तथा दिगो संचालनका लागि छिमेकी पालिकाहरुसँग समन्वय तथा सहकार्य गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार अन्य पालिका | निरन्तर | समन्वय तथा सहकार्य गरि पदमार्गको व्यवस्थापन भएको हुने । |
| ८० | अन्तरतह समन्वयका लागि नियमित समन्वय बैठक, साझा कार्ययोजना र सूचना आदान–प्रदान संयन्त्र स्थापना गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार अन्य पालिका | निरन्तर | समन्वय तथा सहकार्य पदमार्ग मर्मत कार्ययोजना निर्माण भई कार्यान्वयन भएको हुने । |
| ८१ | सेवा प्रवाहमा दोहोरोपन हटाउन 'One-Window Service System' लागू गर्नको लागि सम्बन्धित निकायहरुसँग समन्वय गर्ने । | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | ३ वर्ष | प्रणाली स्थापना गरि सेवा एकरुपता आएको हुने । |
| ८२ | सार्वजनिक तथा निजी क्षेत्रका पर्यटन सेवामा संलग्न जनशक्तिको क्षमता अभिवृद्धि गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | क्षमता अभिबृद्धि भई सेवा प्रवाहमा सुधार भएको हुने । |
| ८३ | पर्यटकीय वस्तु र सेवाको गुणस्तर कायम गर्न जनशक्तिको विकास गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | पर्यटकीय वस्तु र सेवाको गुणस्तर कायम भएको हुने । |
| ८४ | स्थानीय पर्यटन प्रवर्द्धन गर्न स्थानीय समुदायको क्षमता विकास गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | स्थानीय संस्कृति रैथाने खाना र पर्यटकीय वस्तुको प्रवर्द्धन भएको हुने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | । |
| ८५ | होमस्टे, होटल तथा लजहरुको सेवाप्रवाहको मापदण्ड निर्धारण गर्ने । | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | १ वर्ष | मापदण्ड निर्धारण भइ कार्यान्वयन भएको हुने । |
| ८६ | स्थानीय पाठ्यक्रममा आन्तरिक पर्यटन, मुन्दुम संस्कृति र रैथाने कृषिसम्बन्धी विषय समावेश गरि विद्यालय तथा उच्चशिक्षा अध्ययन गर्ने विद्यार्थीहरूलाई शैक्षिक पर्यटकको रूपमा आन्तरिक भ्रमण गराउन प्रोत्साहन गर्ने। | टेम्केमैयुङ गाउँपालिका | शिक्षा विकास तथा समन्वय इकाई शिक्षा शाखा | २ वर्ष | स्थानीय पाठ्यक्रममा आन्तरिक पर्यटन, मुन्दुम संस्कृति र रैथाने कृषिसम्बन्धी विषय समावेश भइ शैक्षिक पर्यटनको सुरुवात भएको हुने । |
| ८७ | पर्यटन क्षेत्रमा काम गर्ने जनशक्तिको प्रमाणिकरण (Certification System) लागू गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | १ वर्ष | प्रमाणीकरण प्रणाली लागु भएको हुने । |
| ८८ | ई-लर्निङ प्लेटफर्ममार्फत पर्यटन सम्बन्धी तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्नेक्ष। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | पर्यटन सम्बन्धी तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन भएको हुने । |
| ८९ | पर्यटन व्यवस्थापन सम्बन्धी संस्थागत संरचनामा महिला, दलित, जनजाति, युवा तथा सीमान्तकृत समुदायको समानुपातिक र अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चित गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | समानुपातिक र अर्थपूर्ण प्रतिनिधित्व भएको हुने । |
| ९० | पर्यटन योजना तर्जुमा, कार्यान्वयन तथा निर्णय प्रक्रियामा स्थानीय समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्न सार्वजनिक परामर्श, अन्तरक्रिया र खुला बैठक प्रणाली अवलम्बन गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | सार्वजनिक परामर्श, अन्तरक्रिया र खुला बैठक मार्फत स्थानीय समुदायको सहभागीतामा बृद्धि भएको हुने । |
| ९१ | स्थानीय समुदायको क्षमता विकासका लागि तालिम, अभिमुखीकरण तथा सीप विकास कार्यक्रम सञ्चालन गरि स्थानीय उत्पादन, संस्कृति तथा सेवाहरूलाई पर्यटनसँग आबद्ध गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | स्थानीय समुदायको क्षमता विकास भई स्थानीय उत्पादन, संस्कृति तथा सेवाहरू पर्यटनसँग आबद्ध भएको हुने । |
| ९२ | पर्यटनबाट प्राप्त आर्थिक तथा सामाजिक लाभको न्यायोचित वितरण सुनिश्चित गर्दै विपन्न तथा सीमान्तकृत समुदायलाई प्राथमिकता दिने नीतिगत व्यवस्था गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | १ वर्ष | नीतिगत व्यवस्था भएको हुने । |
| ९३ | सरकारी, निजी तथा सामुदायिक क्षेत्रबीच सहकार्य प्रवर्द्धन गर्दै समुदायको सहभागितामा नियमित अनुगमन तथा मूल्यांकन प्रणाली विकास गरि | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | पर्यटन अभ्यास सुदृढ भएको हुने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षणमार्फत दिगो पर्यटन अभ्यासलाई सुदृढ बनाउने। | | | | |
| ९४ | गाउँपालिकाको पर्यटन रणनीतिक योजना तयार गरी लागु गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | पर्यटन रणनीतिक योजना तयार भएको हुने। |
| ९५ | निर्णय प्रक्रियामा सहभागिता सुनिश्चित गर्न डिजिटल परामर्श प्रणाली (Online Consultation Platform) विकास गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | १ वर्ष | डिजिटल परामर्श प्रणाली स्थापना भएको हुने। |
| ९६ | समुदायस्तरमा सामाजिक लेखा परीक्षण (Social Audit) प्रणाली लागू गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | सामाजिक लेखापरीक्षण भएको हुने। |
| ९७ | स्थानीय बासिन्दालाई पर्यटनसम्बन्धी सेवा (आतिथ्य, गाइड, भाषा, सरसफाइ, सुरक्षा आदि) मा दक्ष बनाउन लक्षित तालिम, अभिमुखीकरण तथा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | स्थानीय समुदायको क्षमता विकास भई रोजगारीमा बृद्धि भएको हुने। |
| ९८ | स्थानीय भेडी गोठाला तथा चौरी गोठालाहरुलाई प्राथमिक उपचार र आपतकालिन उद्धार सम्बन्धि तालिम कार्यक्रम संचालन गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | स्थानीय भेडी गोठाला तथा चौरी गोठालाहरुले प्राथमिक उपचार र आपतकालिन उद्धार सम्बन्धि तालिम प्राप्त गरेका हुने। |
| ९९ | स्थानीय कला, संस्कृति, परम्परा तथा प्राकृतिक स्रोतलाई पर्यटनसँग आबद्ध गर्दै नवप्रवर्तनमा आधारित उत्पादन तथा सेवाको विकास र प्रवर्द्धन गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | स्थानीय कला, संस्कृति, परम्परा तथा प्राकृतिक स्रोतलाई पर्यटनसँग आबद्ध भएको हुने। |
| १०० | स्थानीय पर्यटन उत्पादन तथा सेवाको बजार पहुँच विस्तारका लागि डिजिटल प्रवर्द्धन, ब्रान्डिङ, नेटवर्किङ तथा निजी क्षेत्रसँग सहकार्य गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | स्थानीय पर्यटन उत्पादन तथा सेवाको बजार पहुँच विस्तार भएको हुने। |
| १०१ | स्थानीय वास्तुकला, हस्तकला, कृषि तथा सांस्कृतिक उत्पादनलाई पर्यटनसँग जोड्न कोशेली घरको स्थापना गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | १ वर्ष | कोशेली घरको स्थापना भएको हुने। |
| १०२ | युवाहरूलाई लक्षित स्टार्टअप समर्थन कार्यक्रम सञ्चालन गरी पर्यटन उद्यमशीलता प्रवर्द्धन गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | पर्यटन उद्यमशिलता प्रवर्द्धन भएको हुने। |
| १०३ | पर्यटनबाट प्राप्त आम्दानी तथा अवसरहरूको समावेशी र न्यायोचित वितरण सुनिश्चित गर्न स्पष्ट मापदण्ड तथा निर्देशिका निर्माण र कार्यान्वयन गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | १ वर्ष | मापदण्ड तथा निर्देशिका तयार भएको हुने। |
| १०४ | पर्यटन पूर्वाधार तथा सेवाहरूमा स्थानीय समुदायको स्वामित्व र सह-व्यवस्थापनलाई प्रोत्साहन गर्दै सहकारी तथा सामुदायिक मोडेललाई | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | १ वर्ष | सहकारी मोडल विकास भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्राथमिकता दिने। | | | | |
| १०५ | पर्यटन व्यवसायी तथा सरोकारवालाहरूलाई सामाजिक तथा वातावरणीय दायित्व पालन गर्न नीतिगत व्यवस्था गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | १ वर्ष | नीतिगत व्यवस्था भएको हुने। |
| १०६ | महिला, दलित, जनजाति तथा विपन्न वर्गलाई पर्यटनका अवसर, स्वामित्व र लाभमा प्राथमिक पहुँच सुनिश्चित गर्न लक्षित कार्यक्रम सञ्चालन गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | लक्षित कार्यक्रम संचालन भएको हुने। |
| १०७ | पर्यटन क्षेत्रको आम्दानीबाट निश्चित प्रतिशत समुदाय विकास कोषमा जम्मा गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | समुदाय विकास कोष स्थापना भएको हुने। |
| १०८ | स्थानीय श्रमिक, सेवा र उत्पादनको प्रयोगलाई प्राथमिकता दिने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | स्थानीय उत्पादनको प्रयोग भएको हुने। |
| १०९ | विपन्न तथा सीमान्तकृत समुदायलाई लक्षित लाभांश कार्यक्रम सञ्चालन गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | लक्षित लाभांश कार्यक्रम संचालन भएको हुने। |
| ११० | पर्यटन पूर्वाधार तथा सेवामा स्थानीय लगानी र स्वामित्व बढाउन कर सहुलियत, अनुदान तथा सहकारी मोडेलमार्फत प्रोत्साहन गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | प्रोत्साहन कार्यक्रम सुरु भएको हुने। |
| १११ | होमस्टे, पर्यटन सेवा तथा पूर्वाधारमा सहकारी वा सामुदायिक स्वामित्व प्रवर्द्धन गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | स्वामीत्व प्रवर्द्धन भएको हुने। |
| ११२ | पर्यटन सम्पत्तिको संरक्षण र व्यवस्थापनमा स्थानीय समुदायको जिम्मेवारी र भुमिकामा अभिबृद्धि गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | पर्यटन सम्पत्तिको संरक्षण र व्यवस्थापन भएको हुने। |
| ११३ | स्थानीय लगानीकर्तालाई प्राथमिकता दिने 'Local First Policy' लागू गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | Local First Policy तयार भएको हुने। |
| ११४ | सामुदायिक स्वामित्व भएका परियोजनामा अनुगमन र मूल्यांकन प्रणाली सुदृढ गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | अनुगमन र मूल्यांकन प्रणाली सुदृढ भएको हुने। |
| ११५ | स्थानीय बासिन्दालाई पर्यटन पूर्वाधार सञ्चालन, मर्मत तथा सेवा व्यवस्थापनसम्बन्धी सीप र ज्ञान प्रदान गरी जिम्मेवारी बहन गर्ने क्षमता अभिवृद्धि गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | क्षमता अभिबृद्धि भएको हुने। |
| ११६ | प्राकृतिक तथा सांस्कृतिक स्रोतहरूको संरक्षण गर्दै तिनको दिगो उपयोगमा समुदायको स्वामित्व र उत्तरदायित्व सुनिश्चित गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | प्राकृतिक तथा सांस्कृतिक स्रोतहरूको संरक्षण भएको हुने। |
| ११७ | निजी क्षेत्रसँग साझेदारी गर्दा स्थानीय स्वामित्व सुनिश्चित गर्ने। | टेम्केमैयुङ | संघ र प्रदेश सरकार | निरन्तर | स्थानीय स्वामित्व सुनिश्चित भएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | गाउँपालिका | | | हुने । |
| ११८ | स्थानीय संस्कृति, चाडपर्व, भाषा स्थानीय वास्तुकला र परम्पराको संरक्षण तथा प्रवर्द्धन गर्न स्थानिय समुदायलाई प्रोत्साहन गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | स्थानीय संस्कृति, चाडपर्व, भाषा स्थानीय वास्तुकला र परम्पराको संरक्षण तथा प्रवर्द्धन भएको हुने । |
| ११९ | वातावरणमैत्री पर्यटन अभ्यास (फोहर व्यवस्थापन, प्राकृतिक स्रोत संरक्षण) लागू गरि पर्यटकीय क्षेत्रको फोहरमैला व्यवस्थापनमा स्थानीय समुदायको जिम्मेवारी तथा भुमिकामा अभिबृद्धि गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | वातावरणमैत्री पर्यटन अभ्यास लागु भएको हुने । |
| १२० | पर्यटन गतिविधिहरूमा वातावरणमैत्री अभ्यास (फोहोर व्यवस्थापन, ऊर्जा दक्षता, जैविक विविधता संरक्षण आदि) अनिवार्य गर्दै दिगोपनमा आधारित पर्यटन मोडेल लागू गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | दिगोपनमा आधारित पर्यटन मोडेल लागू भएको हुने । |
| १२१ | संरक्षणसम्बन्धी कार्यक्रमहरूमा स्थानीय समुदायको सक्रिय सहभागिता र स्वामित्व सुनिश्चित गर्दै परम्परागत ज्ञान र अभ्यासलाई प्रवर्द्धन गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | परम्परागत ज्ञान र अभ्यासलाई प्रवर्द्धन भएको हुने । |
| १२२ | पर्यटक र स्थानीय बासिन्दामाझ सांस्कृतिक संवेदनशीलता तथा वातावरण संरक्षणसम्बन्धी सचेतना अभिवृद्धि गर्न नियमित अभियान तथा शिक्षा कार्यक्रम सञ्चालन गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | पर्यटक सांस्कृतिक साक्षरता भएका हुने । |
| १२३ | पर्यटन गतिविधिबाट संस्कृति र वातावरणमा पर्ने प्रभावको नियमित अनुगमन तथा मूल्यांकन गर्दै आवश्यक सुधारात्मक उपाय अवलम्बन गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | अनुगमन प्रणालीको स्थापना भएको हुने । |
| १२४ | कृषि संकलन केन्द्र तथा चिस्यान केन्द्र (कोल्ड स्टोर) स्थापना गरी उत्पादनको भण्डारण, संरक्षण र वितरण प्रणाली सुदृढ गरिनेछ तथा बजारसम्म सहज आपूर्ति सुनिश्चित गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | कृषि संकलन केन्द्र तथा चिस्यान केन्द्र स्थापना भएको हुने । |
| १२५ | रैथाने बाली संरक्षणका लागि अनुदान व्यवस्था लागू गरि बीउ बैंक स्थापना गरी जैविक विविधता तथा परम्परागत कृषि प्रणालीको संरक्षण गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | रैथाने बाली बीउ बैंक स्थापना भएको हुने । |
| १२६ | जडीबुटीजन्य उद्योग, परम्परागत सीप–पेशा तथा हस्तकलाको संरक्षण र प्रवर्द्धन गर्ने । | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | जडीबुटीजन्य उद्योग, परम्परागत सीप–पेशा तथा हस्तकलाको संरक्षण भएको हुने । |
| १२७ | विश्वकर्मा संग्रहालय स्थापना गरी सांस्कृतिक तथा सीपमा आधारित पर्यटन विकास गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | विश्वकर्मा संग्रहालय स्थापना भएको हुने । |

| | | | | | |
|---|---|---|---|---|---|
| १२८ | कृषि र पर्यटनलाई जोड्ने 'Farm to Tourism' कार्यक्रम सञ्चालन गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | कृषि र पर्यटनलाई जोड्ने 'Farm to Tourism' कार्यक्रम सञ्चालन भएको हुने |
| १२९ | फन पार्क, मनोरञ्जन क्षेत्र, टाकुरा/धुम्का (Hill spots) जस्ता पर्यटकीय वस्तुहरूको विकासमा निजी क्षेत्रलाई आकर्षित गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | निजी क्षेत्रमैत्री नीति तयार भएको हुने । |
| १३० | पर्यटन व्यवसायलाई विविधीकरण गरी कृषि पर्यटन, ग्रामीण पर्यटन, खेल पर्यटन, आरोग्य पर्यटन जस्ता पर्यटकीय गतिविधिको विस्तार गरी रोजगारीका अवसरहरू सिर्जना गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | रोजगारीका अवसर सिर्जना भएका हुने । |
| १३१ | रैथाने सिप प्रोत्साहन तथा प्रबर्धनमार्फत स्थानीय रोजगारी अभिवृद्धि गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | रोजगारीका अवसर सिर्जना भएका हुने । |
| १३२ | महिला तथा युवा उद्यमीलाई लक्षित विशेष उद्यम प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | लक्षित विशेष उद्यम प्रवर्द्धन कार्यक्रम सञ्चालन भएको हुने |
| १३३ | नव प्रवर्तनमा आधारित पर्यटन क्षेत्रमा युवा व्यवसायी आकर्षण गर्न सुरुवाती पुँजी (Start-Up Capital) मार्फत स्वरोजगारी सिर्जनामा जोड दिने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | स्वरोजगारी सिर्जना भएको हुने । |
| १३४ | स्थानीय कृषि, हस्तकला, रैथाने उत्पादन तथा पर्यटनसँग सम्बन्धित साना तथा मझौला उद्यमको स्थापना, विस्तार, गुणस्तर सुधार र मूल्य अभिवृद्धिमा प्रोत्साहन गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | स्थानीय उद्योगको स्थापना भएको हुने । |
| १३५ | महिला, दलित, जनजाति, युवा तथा विपन्न वर्गलाई लक्षित गरी सीपमूलक तालिम, उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गर्दै उनीहरूको आर्थिक सहभागिता सुनिश्चित गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | समावेशी आर्थिक विकास भएको हुने । |
| १३६ | उद्यम सञ्चालनका लागि सहुलियतपूर्ण ऋण, अनुदान तथा सहकारी र वित्तीय संस्थामार्फत लगानी पहुँच विस्तार गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | लगानीमा पहुँच विस्तार भएको हुने । |
| १३७ | स्थानीय उत्पादनको बजार पहुँच विस्तार गर्न ढुवानी व्यवस्थापन सुधार गर्दै स्थानीय मदिरा लगायत उत्पादनको ब्रान्डिङ, प्याकेजिङ तथा व्यवस्थित बजारीकरण गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | स्थानीय उत्पादनको ब्रान्डिङ, प्याकेजिङ तथा व्यवस्थित बजारीकरण भएको हुने । |
| १३८ | स्थानीय कृषि, हस्तकला, र रैथाने उत्पादन तथा सेवाहरूको ब्रान्डिङ, प्याकेजिङ र डिजिटल/पारम्परिक बजारमार्फत प्रचार–प्रसार गरी बजार पहुँच र उपभोक्ता परिचय सुनिश्चित गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | स्थानीय उत्पादनको ब्रान्डिङ, प्याकेजिङ तथा व्यवस्थित बजारीकरण भएको हुने । |

| | | | | | |
|---|---|---|---|---|---|
| १३९ | उत्पादन र सेवाको गुणस्तर मापदण्ड, प्रमाणीकरण र नियमन प्रणाली लागू गरी स्थानीय उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | स्थानीय उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रचार प्रसार भएको हुने । |
| १४० | स्थानीय स्रोत, परम्परागत सीप र आधुनिक प्रविधिको संयोजनमार्फत दिगो उत्पादन तथा सेवाको विकास गर्दै नवप्रवर्तन, उद्यमशीलता र दीर्घकालीन आर्थिक अवसर सृजना गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | दिगो उत्पादन तथा सेवाको विकास भएको हुने । |
| १४१ | स्थानीय उत्पादनका लागि ई-कमर्स प्लेटफर्म विकास गरी अनलाइन बजार विस्तार गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | अनलाइन बजार विस्तार भएको हुने । |
| १४२ | गाउँपालिकाको संस्थागत सुदृढीकरण कार्ययोजना र क्षमता विकास कार्ययोजना बनाई लागु गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | २ वर्ष | संस्थागत सुदृढीकरण कार्ययोजना र क्षमता विकास कार्ययोजना तयार भएको हुने । |
| १४३ | आतिथ्य सेवा, भाषा सीप, गाइड तालिम, सुरक्षा तथा सरसफाइ सम्बन्धी विषयहरू समेटिएको मानकीकृत पाठ्यक्रम विकास गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | २ वर्ष | पाठ्यक्रम विकास भएको हुने । |
| १४४ | तालिम आवश्यकताको पहिचान गरि आवश्यकतामा आधारित तालिम कार्यक्रम संचालन गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | २ वर्ष | तालिम आवश्यकताको पहिचान भएको हुने । |
| १४५ | सरोकारवालासँग सहकार्य गरी व्यवहारिक र प्राविधिक सीपमा आधारित तालिम, कार्यशाला तथा इन्टर्नशिप कार्यक्रम सञ्चालन गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | सरोकारवालाहरुसँगको सहकार्यमा कार्यक्रम संचालन भएको हुने । |
| १४६ | प्रमुख पर्यटकीय गन्तव्यहरूको पहिचान गरी एकीकृत ब्रान्डिङ रणनीति तयार गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | २ वर्ष | एकीकृत ब्रान्डिङ रणनीति तयार भएको हुने । |
| १४७ | पर्यटकीय गन्तव्यहरूको लोगो, स्लोगन, दृश्य सामग्री (फोटो/भिडियो) विकास गरि प्रचार प्रसार गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | प्रचार प्रसार भएको हुने । |
| १४८ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्चार माध्यममार्फत प्रचार–प्रसार अभियान सञ्चालन गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | प्रचार प्रसार भएको हुने । |
| १४९ | पर्यटन प्रवर्द्धनका लागि आधिकारिक प्रचार सामग्री (ब्रोसर, डकुमेन्ट्री) तयार गरि प्रचार प्रसार गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | प्रचार प्रसार भएको हुने । |
| १५० | आधिकारिक वेबसाइट तथा सामाजिक सञ्जाल पेजहरू स्थापना र नियमित अद्यावधिक गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | प्रचार प्रसार भएको हुने । |
| १५१ | विभिन्न वेवसाइट तथा सर्च इन्जिनहरुमा सजिलै पहँचयोग्य हुने गरि पर्यटकीय गन्तवयहरु र पर्यटकीय उत्पादनहरुको डिजिटल मार्केटिङ | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | प्रचार प्रसार भएको हुने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | (SEO, social media campaigns) सञ्चालन गर्ने। | | | | |
| १५२ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन मेला र प्रदर्शनीमा सहभागिता जनाउने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | प्रचार प्रसार भएको हुने। |
| १५२ | स्थानीय उत्पादन र सेवाहरूको अनलाइन प्रवर्द्धन गर्न आवश्यक पहल गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | प्रचार प्रसार भएको हुने। |
| १५३ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन बजारको नियमित अध्ययन तथा अनुसन्धान गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन बजारको नियमित अध्ययन तथा अनुसन्धान भएको हुने |
| १५४ | पर्यटकहरूको रुचि, अपेक्षा र सन्तुष्टि सम्बन्धी तथ्यांक संकलन गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | तथ्याङ्क संकलन भएको हुने। |
| १५५ | प्राप्त तथ्यांकको आधारमा पर्यटन प्याकेज र सेवा परिमार्जन गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | सेवा परिमार्जन भएको हुने। |
| १५६ | नविनतम पर्यटन (इको–टुरिज्म, साहसिक पर्यटन आदि) अनुसार कार्यक्रम विकास गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | कार्यक्रम विकास भएको हुने। |
| १५७ | अनुसन्धानका लागि शैक्षिक संस्था तथा विज्ञहरूसँग सहकार्य गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | सहकार्य भएको हुने। |
| १५८ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन एजेन्सीहरूसँग पर्यटन प्रवर्द्धन तथा विस्तार र विकास लागि सहकार्य गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | सहकार्य भएको हुने। |
| १५९ | अन्तर्राष्ट्रिय संघसंस्था तथा दातृ निकायसँग साझेदारी विस्तार गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | साझेदारी भएको हुने। |
| १६० | निजी क्षेत्रसँग सहकार्य गरी लगानी तथा पूर्वाधार विकास प्रवर्द्धन गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | सहकार्य भएको हुने। |
| १६१ | आदिवासी जनाजातीहरुको परम्परागत ज्ञान (Traditional Knowledge) मा आधारित सम्पदाहरुको संरक्षण गरि पर्यटन विकास एवं प्रवर्द्धनमा आवद्ध गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | आदिवासी जनाजातीहरुको परम्परागत ज्ञानमा आधारित सम्पदाहरुको संरक्षण भएको हुने। |
| १६२ | संयुक्त पर्यटन प्रवर्द्धन कार्यक्रम तथा प्याकेजहरू विकास गरि पर्यटकहरुलाई आकर्षित गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | संयुक्त पर्यटन प्रवर्द्धन कार्यक्रम तथा प्याकेजहरू विकास भएको हुने। |
| १६३ | सहकार्य कार्यक्रमहरूको नियमित अनुगमन र मूल्याङ्कन गर्ने। | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | निरन्तर | अनुगमन प्रणाली स्थापना भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| १६४ | पदमार्ग मर्मत सम्भार कार्यविधि बनाई लागू गर्ने । | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | १ वर्ष | पदमार्ग मर्मत सम्भार कार्यविधि तयार भएको हुने । |
| १६५ | होमस्टे संचालन तथा व्यवस्थापन कार्यविधि बनाउने । | टेम्केमैयुङ गाउँपालिका | संघ र प्रदेश सरकार | १ वर्ष | होमस्टे संचालन तथा व्यवस्थापन कार्यविधि तयार भएको हुने । |